
# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



पारिलिय्यक वनमा भगवान् बुद्धलाई सेवा गर्दै सेवक हात्ती

वर्षः ४१, अङ्कः ११

बु.सं. २५६७, सि पुन्हि

## उपासिका पद्मतारा स्थापित सपरिवारं वयक:या दिवंगत पितृजनपिनि पुण्य स्मृतिस न्हिच्छि यंकं प्रव्रजित गुरुमांपिसं महापरित्राण पाठ यानाबिज्या:गु किपा:



सरणागमण पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं पञ्ञावती व जवनवती



खन्ध परित्त-धजग्ग परित्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं केशावती व सुनन्दावती



महाकस्सपत्थेर बोज्झङ्ग सुत्त व महाचुन्दत्थेर बोज्झङ्ग सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं त्यागवती व ईन्दावती



गिरिमानन्द सुत्त व इसिगिलि सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं कुसुम व प्रीतिवती



धम्मचक्कप्पवत्तन सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं वीर्यवती व वण्णवती



महासमय सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं सुमना व श्रद्धाचारी



आलवक सुत्त व कसिभारद्वाज सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं खमेशी व सुमना



पराभव सुत्त व वसल सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं श्रद्धावती व खमेशी



सच्चविभङ्ग सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं श्रद्धावती व अनुष्मा



आटानाटिय सुत्त (क) व (ख) पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं दानवती व मेत्तावती

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६७

नेपाल सम्बत् ११४४

इस्वी सम्बत् २०२४


बिक्रम सम्बत् २०८०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly


**24th FEBRUARY 2024**

| वर्ष- ४१ | अङ्क- ११ | सि पुन्हि | फागुण २०८० |
|---|---|---|---|


अत्तदत्थं परत्थेन – बहुनांपि न हापये
अत्तदत्थमभिञ्ञाय – सदत्थ पसुतो सिचा

मेपिन्त लाभ ज्वीकेगु लागि, थ:त प्राप्त ज्वीगु उत्तमगु लाभय् आपा: हानी याय् मज्यू । थ:त लाभ ज्वीगु सीका: न्ह्याबलें सदर्थे लगय् ज्वीमा: ।

जतिसुकै ठूलो होस् तापनि अरूको हितको लागि आफ्नो हितलाई हानी गर्नु हुँदैन । आफ्नो हितको बिचार पुऱ्याई सदर्थमा लाग्नु पर्दछ ।

**Let no one forget his own duty for the sake of another's howerver great; let a man after he has discerned his own duty, be faithful to his duty.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय "भगवान् बुद्धको एकान्तबास" | – स.ना.गो., अनु. वीर्यवती गुरुमां | २ |
| ३) | सम्पादकीय- सुख र शान्ति हाम्रो चाहना | – | ३ |
| ४) | मृत्युको समयमा के हुन्छ ? | – सत्यनारायण गोयन्का | ४ |
| ५) | स्नेही छोरी "उम्काइ" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | ८ |
| ६) | धर्मकीर्ति समाचार | – | ११ |
| ७) | सुख वर्ग | – सत्यमोहन जोशी | १५ |


*आवरण चित्र परिचय*

# भगवान् बुद्धको एकान्तबास

**– आचार्य सत्यनारायण गोयन्का**
**भावअनुवादः वीर्यवती**

कौशाम्बी भिक्षुसंघ बिच केही साधारण कुरामा मतभेद भएछ। यही विषय कुरा बढाई परस्पर अप्रिय कलहको स्थिती सृजना भयो बादविवादले उग्र रुप लिन थाल्यो। एकआपसमा कटुता बढ्दै भिक्षु संघमा फूट पैदा भयो। दुबै पक्षले खुलेआम एकले अर्कालाई गलत सावित गर्न थाले। यस प्रकारको संघभेद, कलह र विवाद सद्धर्मको लागि अत्यन्त अशोभनिय थियो।

यस विषयमा भगवान् बुद्धलाई जानकारी भएपछि उहाँ यस कलह हटाउनको लागि कौशाम्बिमा आउनुभयो। उहाँले ती झगडालु भिक्षुहरूलाई मैत्रीपूर्वक उपदेश दिएर सम्झाउन प्रयत्न गर्नुभयो। तर असफल रह्यो। अहंकारको दानव टाउकोमा सवार भयो भने बुद्धि भ्रष्ट हुनेछ। भगवान् बुद्ध जस्तो आफ्नै महान शास्ताको उपदेश सुन्न र सम्झन सक्ने बुद्धि नै रहेन उनीहरूमा। सबै श्रावकहरूलाई परस्पर पानी र दुध जस्तै मेलमिलाप गरेर रहनको लागि भगवान् बुद्धले उपदेश दिनुहुन्थ्यो।

सबैले एक मन भएर रहने र उक आपसमा मुदिताभाव राखेर रहने सुझाव दिनुहुन्थ्यो। एकआपसमा मैत्री पूर्व व्यवहार गरेर रहने सल्लाह दिनुहुन्थ्यो। तर जब अहंकार प्रमुख हुन जान्छ तब, त्यहाँ मैत्री र माया दया कहाँ ? द्वेषको विषले नै भरिएका हुन्छन् आँखामा। जब दुबै पक्षहरूमा सद्बुद्धि आएन, तब भगवान् बुद्धले उनीहरूलाई त्याग्नु भयो। उहाँ यी जन कोलाहलबाट टाढा रहन रुचाउनु हुन्थ्यो। त्यसैले उहाँ केहीदिन एकान्तमा बिताउने निर्णय गर्नुभयो।

**नो चे लभेथ निपकं सहायं,सद्धिं चंर साधुविहारिघीरं।**
**राजवा रट्ठं विजितं पहाय, एको चरे मातङ्गरञ्ञेव नागो॥**

*(सुत्तनि. ४६, खग्ग विसाणसुत्तं)*

अर्थ–

यदि आफूलाई साथ दिने पक्का एवं गतिलो सहायक छैन भने एक पराजित राजाले आफ्नो राज्य त्यागी एक्लै विचरण गरे जस्तै र शान्तपूर्वक एकलै विचरण गर्ने हस्तिराज जस्तै एकलै विचरण गर्नु।

भगवान् बुद्ध पनि निर्जन पारिलेय्य रक्षित वनखण्डमा भद्रशाल नामक वृक्षमुनि एकान्तमा सुख एवं शान्तपूर्वक विहार गर्नु भयो। त्यही समयमा हात्तिहरूको समुहमा रहदैं आएका एक वृद्ध हात्तीले आफूभन्दा कम उमेरका बच्चा हात्तीहरूको अशान्तपूर्ण भिडभाडबाट वाक्क लागी एकान्त स्थानलाई खोज्दै उक्त पारिलेय्य वनखण्डमा पुगेका थिए, जुन स्थानमा भगवान् बुद्ध स्वयं

( क्रमशः पेज १० मा हेर्नुहोला )

## ▪ सम्पादकीय ▪

# सुख र शान्ति हाम्रो चाहना

सुख शान्ति सबैलाई मन पर्छ । तर प्राप्त गर्न कठिन छ । सुखपूर्वक बाँच्ने तरिका र यसलाई प्राप्त गर्नको लागि गर्नुपर्ने अभ्यास गर्न नसक्दा जीवनमा सुख शान्ति कोसौं टाढा भागिरहेका हुन्छन् । यो हाम्रो कमजोरी हो । बुद्ध शिक्षानुसार हरेक घटनाको कारण हुन्छ । बिनाकारण केही हुँदैन । त्यसैले उक्त कारणलाई पत्ता लगाउनु हाम्रो प्रमुख कर्त्तव्य हुनेछ ।

भगवान् बुद्ध भन्नुहुन्छ–

**यानि करोति पुरिसो तानि पस्सति अत्तानि**
**कल्याणकारी कल्याणं पापकारी च पापकं**
**यादिसं वपते बीजं तादिसं हरते फलं**

भावार्थ– जुन व्यक्तिले कुसल (असल, राम्रो, परोपकारी) काम वा अकुसल (खराब, नराम्रो वा स्वार्थचित्त युक्त, दुषित) काम गरेको हुन्छ, सर्बप्रथम त्यही व्यक्तिको मनले उक्त कार्यलाई महसुस गरेको हन्छ, देखेको हुन्छ । अरुले नदेखेपनि प्रकृतिले त देखेकै हुन्छ । स्वार्थयुक्त चित्तले गरेको दुषित कार्यको दुर्भाग्यपूर्ण फलको भागीदारी त्यही व्यक्ति हुन्छ, जसले त्यस कार्य गरेको हुन्छ । यसरी नै जसले राम्रो, शुद्ध चित्तले परोकारी कार्य गर्दछ, त्यस कार्यको परिणाम वा फलको भागीदारी पनि त्यही व्यक्ति हुन्छ जसले त्यस कार्य गरेको हुन्छ । जस्तो बीउ रोप्छ, त्यस्तै फल, जसले रोप्यो त्यसैलाई भोगाइन्छ । यो प्रकृतिको नियम हो । कसैले परिवर्तन गर्न सक्दैन यसलाई अर्को शब्दमा भन्ने हो भने असल नियतले काम गर, कुरा गर, योजना बनाऊ अहिले पनि पछि पनि असल नै हुने छ, भाग्यले साथ दिनेछ, सुख शान्तिले साथ दिनेछ । खराब नियतले काम गर, कुरा गर, योजना बनाउ, अहिले पनि पछि पनि खराब नै फल प्राप्त हुनेछ, र्दुभाग्यपूर्ण घटनाहरूले पछ्याउने छ, भय उपद्रवहरूले पछ्याउने छ, रोगले व्याधीले सताउने छ, सुख शान्ति कोसौं पर भाग्ने छ ।

यसरी यहाँ मन नै मुख्य भएको ठहरिन आउँछ । मन राम्रो भयो भने मात्र राम्रो काम कुरा गरिन्छ । मन दुषित भयो भने काम कुरा पनि नराम्रै गरिने रहेछ ।


यसरी बुद्ध शिक्षालाई राम्ररी बुझ्न सकेमा मात्र हामीले दुःखको मूल कारण पत्ता लगाई दुःख र अशान्तिले पछ्याउन नसकिने काम कुरा गर्न सक्ने हुन्छौं । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ–

"चेतनाहं भिक्खवे कम्मं वदामि"

अर्थात्- मानिसको मन अर्थात चेतना अनुसार कर्म निर्माण हुन्छ । त्यसैले हामीले आ-आफ्नो चेतनालाई हरेक क्षण दुषित नपार्न सचेत र सजग रहन सकेमा मात्र हाम्रो कर्मलाई सुधार्दै सुख र शान्तिलाई निमन्त्रणा गर्न सफल हुनेछौं । यसलाई हामी सबैले बुझौं र अभ्यास गरौं ।

भवतु सब्ब मंगलम् ।





# मृत्युको समयमा के हुन्छ ?

✍ सत्यनारायण गोयन्का

यसलाई बुझ्नुभन्दा अगाडि छोटकरीमा यो बुझौं कि मृत्यु के हो ?

मृत्यु सतत् प्रवाहमान परिवर्तनशील नदी जस्तो भवधाराको एक मोड हो, त्यसको एक परिवर्तित रूप हो, एकचक्र हो । हामीलाई यस्तो प्रतीत हुन्छ कि मृत्यु भयो कि भव धारा नै समाप्त भयो । परन्तु बुद्ध वा अर्हत्को कुरा अर्कै हो अन्यथा सामान्य व्यक्तिको भवधारा मरणोपरान्त पनि प्रवाहमान नै भईरहन्छ । मृत्युले एक जीवन लीला समाप्त गरिदिन्छ र लगतै अर्को क्षण अर्को जीवनको लीला आरम्भ गरिदिन्छ । मृत्युको एकातिर यस जीवनको अन्तिम क्षण हुन्छ भने अर्कोतिर भावि जीवनको प्रथम क्षण ! सूर्यास्त हुनासाथ तत्काल सूर्योदय भएझैं । बीचमा रात्रीको अन्धकारको कुनै अन्तराल हुन पाउँदैन । अथवा यसो भनौं कि मृत्युको क्षण अनगिन्ती अध्याय भएको भवधारा रूपी पुस्तकको एक जीवन-अध्याय समाप्त हुन्छ तुरन्तै अर्को क्षण दोस्रो अध्याय शुरू हुन्छ !

जीवन प्रवाहको र मृत्युको बारेमा ठीक ठीक रूपमा बुझ्न र बुझाउनको निम्ति कुनै ठीक उदाहरण देखिँदैन । तैपनि एक किसिमले यो भन्न सकिन्छ कि भवधारा रेलको लीगमा चल्ने त्यो गाडी समान हो जुन कि मृत्यु रूपी स्टेशनसम्म पुग्छ र त्यहाँ क्षण भरको निम्ति आफ्नो गति अलिकति मन्द गरी अर्को क्षण उही वेगमा अगाडि बढ्छ । स्टेशनमा गाडी पूरा क्षणको लागि पनि रोक्दैन । यसलाई कहीं रोक्ने फुर्सद छैन । सामान्य साधारण व्यक्तिको निम्ति मृत्युको स्टेशन कुनै टर्मिनल होईन बरू एउटा जक्शन हो जहाँबाट भिन्न भिन्न दिशामा जाने ३१ वटा लीगहरू हुन्छन् जीवन रूपी रेल गाडीको जक्शनमा पुग्नासाथ ती मध्ये कुनै एउटा लीगमा मोडेर अगाडि बढ्छ । कर्म-संस्कारको विद्युत गतिले चलि रहने यस वेगगती जीवन वाहिनीको लागि, मृत्युको जक्शन कुनै रोक्ने ठाउँ होईन, कुनै टिक्ने स्थान होईन । त्यो नरोकी कुनै स्टेशन हुँदै अगाडि बढ्छ । प्रत्येक जीवन एक जक्शनबाट अर्को जक्शनसम्म पुग्ने रेलयात्रा हो । यी जक्शनहरू पार गर्दै अगाडि बढी नै रहन्छ ।

अथवा यसरी भनौं कि जीवन रूपी दीपकको एउटा बत्ति निभ्छ र अर्को क्षण दोश्रो बल्दछ । एउटा बत्ति किन निभ्यो ? कित जीवन-दीपकको तेल सकियो कित बत्ति सकियो अथवा दुबै एकसाथ सकियो । अथवा दुबै बाँकी रहेर पनि जोडले चलेको हावाले बत्ति निभाई दियो, अर्थात्, आयु पूरा भयो अथवा भवकर्म पूरा भयो अथवा दुबै एकसाथ पूरा भयो अथवा कुनै यस्तो कर्मिक दुर्घटना घट्यो कि दुबै(आयु र भवकर्म) बाँकी रहेर पनि जीवन बत्ति निभ्यो । परन्तु यदि व्यक्ति भवमुक्त अर्हत भएको छैन र उसको भवकर्म समाप्त भएको छैन भने बत्ति निभ्नासाथ फेरि नयाँ बल्न थाल्छ ।

शरीरको च्युति भएपनि भवधाराको प्रवाह रोक्तैन । अर्को क्षण कुनै अन्य शरीरलाई वाहन बनाएर क्षणक्षण उत्पाद-व्यय स्वभावको चित्तको चेतन भवधारा प्रवाहमान भईरन्छ यस्तै भईरहन्छ । गाडी चली रहन्छ तर जक्शनको स्टेशनमा आएर नरोकिकनै लीग बदलिन्छ ।

यो लीग बदल्ने काम प्रकृतिको नियमानुसार स्वतः हुन्छ । जसरी दिन बित्छ रात शुरू हुन्छ । रात बित्छ दिन शुरू हुन्छ । बरफ तातेमा पानी बन्छ । पानी चीसो भएमा बरफ बन्छ । यो प्रकृतिको आफ्नो नियम हो । लीग बदल्ने काम प्रकृतिले गर्दछ या भनौं प्रकृतिको नियमानुसार गाडी स्वयंले गर्दछ । गाडी स्वयंले आफ्नो लागि अर्को लीगको निर्माण गर्दछ । वर्तमान जीवनको लीग पूर्व जीवनको लीगबाटै निस्कने हुन्छ । भवधाराको यस रेल गाडीको निम्ति लीग बदल्ने मृत्युरूपी जक्शनको एक विशिष्ट महत्व छ । यहाँ गाडीको एक लीगको अन्त हुन्छ जसलाई शरीर च्युति भनिन्छ अनि तत्क्षण अर्को लीग शुरू हुन्छ जसलाई प्रतिसन्धि भनिन्छ । प्रत्येक प्रतिसन्धि क्षण शरीरको च्यूति क्षणकै परिणाम हो । प्रत्येक शरिर च्यूतिक्षणले प्रतिसन्धि रूपी अर्को लीगको निर्माण गर्दछ,

चुनाव (छनौट) गर्दछ । व्यक्ति स्वयं आफ्नो पूर्व जन्मको सन्तान हो र अर्को जन्मको जनक हो । हरेक मृत्युको क्षणले अर्को जन्म प्रजनन गर्दछ त्यसैले मृत्यु मृत्यु मात्र होईन, जन्म पनि हो । यस जक्शनमा जीवन मृत्युमा बदलिन्छ र मृत्यु जन्ममा बदलिन्छ । यहीं रेल गाडीको यात्रा पूरा हुँदैन । गाडीमा जबसम्म कर्म संस्कारको स्टीम (बाफ) हुन्छ वा इलेक्ट्रिक करेन्ट हुन्छ तबसम्म त्यो अगाडि बढ्दै जान्छ र हरेक जक्शनमा त्यसको निम्ति लीगहरू बिछयाई तयार पारेका हुन्छन् , ती मध्ये एउटामा चढेर अगाडि बढ्दै जान्छ । तैपनि भव यात्रा पूर्ण हुँदैन । प्रत्येक मृत्यु नयाँ जीवनको आरम्भ हो । प्रत्यक जीवन अर्को मृत्युको तयारी हो ।

बुद्धिमान व्यक्ति हो भने उसले आफ्नो जीवनको राम्रो उपयोग गर्दछ । राम्रो मृत्युको तयारी गर्दछ । सबभन्दा राम्रो मृत्यु त त्यो हो जो अन्तिम मृत्यु हो । जक्शन नहोस् बरू टर्मिलन होस्, अन्तिम स्टेशन होस् । भव यात्राको समाप्ति होस् । त्यसभन्दा अगाडि गाडी बढ्नकोलागि लीग बिछ्याइएको नहोस् । तर जबसम्म यस्तो टर्मिनल प्राप्त हुँदैन, त्यस बेलासम्म यति त होस् कि आउने मृत्यु अगाडिको निम्ति राम्रो लीग तयार गरोस् र केही जक्शन पछि नै गाडी टर्मिनलमा पुग्न सकोस् । यी सबै स्वयं हामीमा नै निर्भर हुन्छ । हामी स्वयं आफ्नो मालिक हो अरू कोही छैनन् । हामी स्वयं आफ्नो गति बनाउँछौं–दुर्गती, सुगति अथवा गति-निरोध टर्मिनल अरू कसैले हाम्रो निम्ति केही बनाउँदैन । त्यसैले हामीले आफू प्रति आफ्नो जिम्मेवारी बुझी र त्यसलाई समझदारी पूर्वक पूरा गरौं ।

भवधारालाई अगाडि बढ्नको लागि गति दिने लीग कसरी हामी स्वयंले नै आफ्नो कर्मद्वारा बनाउँदै जान्छौं यसलाई बुझौं ।

कर्म के हो चित्तको चेतना नै कर्म हो । मन, वचन र शरीरले कुनै कर्म गर्नु अघि चित्तमा जुन चेतना उत्पन्न हुन्छ त्यो नै कर्म-बीज हो, त्यो नै कर्म-संस्कार हो । कर्म-संस्कार अनेक प्रकारका हुन्छन् । चेतना कति तीव्र छ ? कति मन्द छ ? कति गहिरो छ ? कति छोटो छ ? कति गऱ्हौं छ ? कति हलुका छ ? त्यही अनुपातमा सघन कर्म-संस्कार बन्छ, पानीमा वा बालुवामा वा पत्थरमा कोरेको धर्सो जस्तो चेतना पुण्यमयी भएमा वा चित्तलाई पुनीत बनाउने खालको भएमा कर्म-संस्कार कुशल हुन्छ, राम्रो हुन्छ, शुभ फलदायी हुन्छ । चेतना पापमयी भएमा याने चित्तलाई दूषित गर्ने खालको भएमा कर्म-संस्कार अकुशल हुन्छ, अशुभ फलदायी हुन्छ ।

सबै कर्म-संस्कार नयाँ जन्म दिने भव संस्कार हुँदैन । कुनै त यतिको हलुका हुन्छ कि यसको कुनै महत्वपूर्ण फल नै निस्किदैन । अर्को त्यो भन्दा अलि गऱ्हौं हुन्छ । जसको फल त आउँछ तर यसै जीवनमा सिद्धिन्छ, अर्को जीवनसम्म भवङ्गसंग जाँदैन । अर्को यो भन्दा बढी गऱ्हौं जसमा नयाँ जन्म दिने शक्ति हुँदैन । परन्तु भवधाराको भवङ्ग सँगसँगै जान्छ र अर्को जन्म वा जन्महरूमा अरू कुनै कारणबाट जुन सुख-दुःख हुन्छ । त्यसलाई संवर्धन गर्नमा सहायक बन्छ ।

तर अनेक कर्म त्यस्ता छन् जो भव कर्म, नयाँ जन्म, नयाँ भव निर्माण गर्नमा समर्थ हुन्छन् । हरेक भव कर्ममा एक चुम्बकीय शक्ति हुन्छ । जसको तरङ्ग कुनै एक भवलोकको तरङ्गसँग मिल्ने हुन्छ । जुन भवकर्मको तरङ्ग जुन भवलोकको तरङ्गसँग पूर्ण सामंजस्य हुन्छ, विश्व व्यापी विद्युत चुम्बकीय शक्तिहरूको अटूट नियम अनुसार ती दुबै एक अर्कासँग आकर्षण भइरहन्छ । हामीले कुनै भव कर्म गर्ने वित्तिकै हाम्रो भवधाराको रेलगाडीको ३१ लीगहरू मध्ये तत्सम्बन्धी लीगबाट ती बिद्युत तरङ्ग संयुक्त हुन जान्छ ।

काम-भवलोकको ११ भूमिहरू हुन्छ, चार दुर्गति र ७ मनुष्य एवं देव योनि नामक सुगति । रूपब्रम्ह भवलोकको १६ भूमिहरू, अरूप ब्रह्म-भवलोकको ४ भूमिहरू । तीनवटा भवलोकका यी ३१ भूमिहरूलाई हामी ३१ लीग भनी रहेका छौं ।

यस जीवनको अन्तिम क्षणमा चित्तधाराको भवङ्गमा समाहित जुन भवकर्म खुल्दछ अथवा जुन भवसंस्कार प्रकट हुनेछ, चित्त धारा त्यसको विद्युत चुम्बकीय तरङ्गबाट तरङ्गित हुन्छ र त्यसरी नै तरङ्गबाट तरङ्गित लीगका प्रभावित केन्द्रका गुरूत्वाकर्षणबाट आकर्षित भई त्यसमा जोड्न जान्छ । मृत्युको क्षणमा जीवनरूपी रेलगाडीका अगाडि ३१ लीगहरूको विशाल क्षेत्र उपस्थित हुन्छ । परन्तु त्यस क्षणमा हाम्रो गाडी जुन विद्युत तरङ्गबाट संचालित भई रहेको हुन्छ । उही तरङ्गको अनूकूल तरङ्ग भएको लीगमा आकर्षित भई त्यसैमा प्रतिसन्धि हुन जान्छ । अर्कोमा होईन अर्थात् भवधारा रूपी रेलगाडी त्यसै लीगमा जुड्न जान्छ र त्यसैबाट अगाडि बढ्दै जान्छ । गाडीले

गन्तव्य स्थानको लागि छनौट गर्ने क्षण महत्वपूर्ण हुन्छ। यस समय जुन तरङ्गले रेलगाडीलाई तरङ्गित पार्दछ त्यही तरङ्गले अर्को लीगको चुनाव (छनोट) गर्दछ। दुबै एकले अर्कोलाई स्वतः तान्दछ, आकर्षित हुन्छ। यही प्रकृतिको नियम हो कि यो-यो कारण उपस्थित भएमा यस्तो-यस्तो कार्यस्वतः सम्पन्न हुनेछ।

जस्तो कि क्रोध या द्वेष भावका चेतना भावमा भवकर्म-संस्कार उत्पन्न हुन्छ र पीडा जनक स्वभाव भएकोले अधोगतिको कुनै भूमिसँग जोड्न पुग्छ। यसरी नै मंगल मैत्री भावको चेतनाले भरेको भव कर्म-संस्कार शान्ति र शीतलताको तरङ्गले भरेका स्वभाव भएको कारणले ब्रह्मलोकको कुनै भूमिसँग नै जोड्न पुग्छ। यो प्रकृतिको स्वतः संचालित नियम-धर्म हो। विशाल प्रकृतिको निर्धारित नियम सम्पूर्ण प्याटर्न (तरिका) यस्तो आश्चर्यजनक ढङ्गले सुपर कम्प्युटराइज छ कि यसका केही कुनै भूल भनेको हुँदै हुँदैन।

मरणासन्न अवस्थामा सामान्यतया कुनै अत्यन्त गर्न्हौं कर्म नै उत्पन्न हुन्छ। राम्रो होस् या नराम्रो। जस्तो कि यसै जीवनमा माता-पिता वा सन्त-अर्हत्को हत्या गरेको छ भने त्यो घटनाको सम्झना चित्तमा उठ्छ अथवा ज्यादै गहिरो ध्यान साधना गरेको छ भने त्यस घटनाको सम्झना चित्तमा उठ्छ। तर यस्तो कुनै गहिरो भवकर्म छैन भने त्यो भन्दा अलिकति कम सघन-भवकर्म प्रकट हुन्छ। मरणासन्न अवस्थामा जुन भवकर्मको सम्झना हुन्छ। धेरै जसो त्यसको चिन्ह देखिन्छ अथवा अन्य पाँचवटा इन्द्रियहरू मध्ये कुनैमा देखा पर्दछ। यसलाई कर्म र कर्म-निमित्त वा कर्म–चिन्ह भनिन्छ। त्यस समयमा जो अर्को भवलोकमा प्रतिसन्धि हुनजान्छ अन्य जक्शनको अघि (सामुने) जुन लीगमा जुड्न जान्छ मानौं त्यसमा प्रकाश पर्छ र मरणासन्न व्यक्तिमा धेरै जसो त्यो गति निमित्त अथवा गतिको चिन्ह पनि देखा पर्दछ अथवा अरू कुनै इन्द्रियमा देखा पर्दछ।

कर्म-निमित्त र गति-निमित्तको विद्युत चुम्बकीय तरङ्गहरू एउटै जस्तो हुन्छन् अथवा यसो भन्न सकिन्छ कि मरणासन्न चित्तमा उठेका कर्म र अर्को भव भूमिको तरङ्ग एउटै जस्तो हुन्छन्। यस भवको गाडी त्यस समयमा प्रकट भई अर्को आउने भवको लीगमा गई जोड्न पुग्छ। साँच्चिकैको विपश्यी साधक भएमा मरणासन्न अवस्थामा प्रतिकूल भूमि भएको लीगबाट बच्ने क्षमता प्राप्त गर्दछ।

साँचिकै राम्रो, पाको विपश्यी साधकले प्रकृतिका यी अटूट नियमलाई बुझी हरेक अवस्थामा मृत्युको लागि तयार भईरहने साधना गर्दछ। प्रौढ अवस्थामा पुगेको छ भने त अझबढी सजग भई तयार भईरहन्छ। के तयार गर्छ त ? विपश्यनाद्वारा आफ्नो शरीर र चित्तमा प्रकट हुने सबै प्रकारका संवेदनालाई तटस्थभावले हेर्ने अभ्यास गर्दछ भने आफ्नो मनको त्यस स्वभावलाई पल्टाउँछ जसको अप्रिय संवेदना उत्पन्न हुँदा नयाँ नयाँ अकुशल संस्कार बनाउने बानी बनी सकेको हुन्छ। धेरैजसो मरणासन्न अवस्थामा स्वभावजन्य संस्कार नै बन्दछ। अनि जसरी नयाँ संस्कार रहन्छ। त्यसैसँग मिल्ने कुनै पुरानो भवसंस्कार तैरिएर आउने मौका पाउँछ। मृत्यु हुन लाग्दा त अप्रिय संवेदनाहरूसित नै सामना गर्ने अधिक संभावना हुन्छ। जरा, ब्याधि र मरण दुःखदायी हुन् अर्थात् दुःख संवेदना दायक हुन्। कोही असाधक भएमा वा कच्चा साधक भएमा यसबाट व्याकुल भएर क्रोध, द्वेष वा चिड्चिडाहटको प्रतिक्रिया गर्दछ र यस्तो प्रकारको कुनै पुरानो अकुशल भव संस्कारलाई जगाउने अवसर दिन्छ। परन्तु कोही परम साधिका माता रामीदेवी जस्तै वा साधक रतिलाल भाई जस्तै यी अहह्य पीडाजनक संवेदनालाई पनि तटस्थ भावले हेर्ने काम गर्दछ भने मरणासन्न अवस्थामा यस्तो अधोगति तिर लैजाने भव संस्कार भवङ्गमा डबेर रहेको भए तापनि त्यसले निस्कने मौका पाउँदैन। यसरी नै सामान्य ब्यक्ति भविष्य प्रति सँधै आशंकित आतंकित हुने स्वभावको छ भने त्यो मृत्युको संभावनाले भयभीत हुन्छ। भयसँग सम्वन्धित कुनै भव संस्कार उत्पन्न गर्ने मौका दिन्छ अथवा परिवारबाट छुट्टिनु पर्ने कल्पना मात्रले दुःखी हुन्छ भने मृत्युको समय विछोडको दुःख उत्पन्न हुन्छ। जसबाट त्यस्तै प्रकारको अकुशल भव संस्कार जगाउन सहायक हुन्छ। विपश्यी साधकाले दुःख र भयको संवेदनालाई साक्षी भावले हेर्दै यी संस्कारलाई दुर्बल बनाई दिन्छ, मृत्युको समयमा यसलाई आउने मौका दिँदैन।

मृत्युको सही तैयारी यही हो कि बारबार आफ्नो शरीर र चित्तमा हुने संवेदनालाई अनित्य बोधको आधारमा समता भावले हेर्ने बानी बनाएमा मरणासन्न अवस्थामा चित्त धारामा यही समताको स्वभाव स्वतः प्रकट हुनेछ र

गाडी त्यस्तो लीगमै जोड्न जान्छ जसमा चढेर साधक अर्को भव भूमिमा पनि विपश्यना गर्दै रहन सक्नेछ। यसरी अधोगतिबाट बच्दै सद्गति प्राप्त गर्दछ, किनभने अधोगतिको भूमिमा विपश्यना गर्न सकिदैन।

यस्तो मंगल मृत्यु प्राप्त गर्नमा मरणासन्न अवस्थामा पुगेको साधकको निकटस्थ परिवारहरू पनि सहायक हुन्छन् त्यस समयमा साधनाको धर्ममय वातावरण बनाई राख्छन्। त्यहाँ न कोही रून्छन्, न विलाप गर्छन् न बिछोडको सन्तापको तरङ्ग उत्पन्न गर्दछन्। विपश्यना र मंगल मैत्री तरङ्गले वातावरणलाई मंगल मरण हुन अनुकूल बनाई दिन्छन्।

कहिल्यै विपश्यना नगर्ने व्यक्तिलाई पनि मृत्युको समयमा दान, शील आदि कुशल भव संस्कारहरू सन्मुख आईपुगेमा त्यसले सद्गति त प्राप्त गर्दछ। तर विपश्यी साधकको विशेषता यो हो कि उसले त्यस भूमिमा प्रतिसन्धि प्राप्त गरेर विपश्यनाको अभ्यासलाई कायम राख्नमा सफल हुन्छ र यसप्रकार चित्त धाराको भवङ्गमा संग्रहित अनेक भवसंस्कार संग्रहलाई विस्तारै घटाउँदै आफ्नो भवयात्रालाई छोट्याउँछ र ढिलो चाँडो टर्मिनलमा पुग्दछ।

साधकहरू ! ठूलो पुण्यले विपश्यना प्राप्त भई रहेको छ। यसको अभ्यास गरी मनुष्य-जीवन सफल गरौं सार्थक बनाऔं। मृत्यु जहिले आए पनि समताको चित्त भूमिमा नै आवोस्। मङ्गलको सन्देश लिएरै आवोस्।

———

कुनै व्यक्ति आफ्नै परिश्रम आफ्नै पुरूषार्थले बुद्ध बन्छ त कुनै सम्प्रदायसंग आवद्ध हुँदैन। आफ्ने पारमिताहरू, त्याग, तपश्या र संयमतासंग आवद्ध भएको हुन्छ। बुद्धत्व कुनै सम्प्रदाय विशेषको मोनोपोलि (एकाधिकारको विषय), होईन्। कहिले कांही यस्तो पनि भएको हुन्छ कि कुनै व्यक्ति आफ्नो जीवनमा कुनै बुद्धको सम्पर्कमा आएको हुँदैन, कुनै बुद्धको उपदेश पनि सुनेको हुँदैन, तापनि आफ्नै समझदारीले शुद्ध शील, समाधि र प्रज्ञाको मार्गमा अग्रसर हुन्छ र बुद्ध बन्छ, शुद्ध बन्छ, मुक्त बन्छ। यस्ता व्यक्तिलाई प्रत्येक बुद्ध अर्थात् एक्लो बुद्ध भनिन्छ। अतः बुद्धलाई सम्प्रदायको कुनै मतलब हुँदैन बुद्धले न त कुनै सम्प्रदायको स्थापना गर्छ, न त कुनै स्थापित सम्प्रदायसँग आवद्ध हुन्छ, न त अरूलाई नै सम्प्रदायमा आवद्ध गरि दिन्छ। ऊ स्वयं धर्ममा आवद्ध भएको हुन्छ। अरूलाई पनि धर्ममा नै आवद्ध गरिदिन्छ।

धर्म पनि यस्तो कि वीतरागताको धर्म। राग भएमा बन्धन हुन्छ, दु:ख हुन्छ त्यो व्यक्ति चाहे जो सुकै होस्। राग छुटेमा बन्धन मुक्त हुन्छ, दु:ख मुक्त हुन्छ, त्यो व्यक्ति चाहे जोसुकै होस्। वीतरागता कुनै सम्प्रदायको सम्पत्ति होईन। यो त जसले धारण गर्छ उसैको धर्म हो। उसैको लागि कल्याणकारी हुन्छ। यस अर्थमा वीतरागताको धर्म सार्वजनिक हो।


संघ कुनै एउटा सम्प्रदायको गृहत्यागीहरूको समूह होईन। जो आर्य छन् त्यो नै सही अर्थमा संघ हुन् अनार्यबाट आर्य भयो भने स्रोतापन्न भयो तब नै आर्य भयो अन्यथा आर्य भएन। स्रोतापन्न भएपछि मृत्यु पश्चात दुर्गति हुनबाट बच्छ किनकि सबै प्रकारका अपाय गतिहरू निरूद्ध भैसकेको हुन्छन्। त्यस्तो व्यक्ति कसैको कृपाबाट आर्य बनेको हुँदैन। आफ्नै पुरूषार्थले बनेको हुन्छ। अरूले त बाटोसम्म देखाईदिन सक्छ, कसैले कसैलाई मुक्त गरिदिन सक्दैन। यदि आफूलाई तारक भनि कसैले दावी गरेमा सम्प्रदाय बन्छ न धर्म सार्वजनीन् हुनसक्छ, न त संघ नै सम्प्रदाय मुक्त रहनसक्छ।

शुद्ध शीलको पालन यसकारण गरिन्छ कि शीलको बलबाट सम्यक समाधि पुष्ट होस् र प्रज्ञाको आधारबाट निर्वाणको साक्षात्कार होस् तथा आर्य बन्न सकोस्। जसबाट सद्गति स्वतः निश्चित हुन्छ।

जब कुनै व्यक्ति बुद्धको शरण जान्छ त परम ज्ञानीको शरण जान्छ, अज्ञानीको शरण होईन। जब धर्मको शरण जान्छ त सनातन सत्यको शरण जान्छ, असत्य कल्पनाको शरण होईन जब संघको शरण जान्छ त विमुक्त सन्तहरूको शरण जान्छ, भवचक्रमा रूमल्लिएका असन्तहरूको शरण होईन। जब सम्यक समाधि, प्रज्ञा र विमुक्ति तर्फ लैजाने आर्य शीलको शरण जान्छ त शुद्ध सदाचारको शरण जान्छ, दूषित दूराचारको होईन। यस्तो व्यक्तिको सद्गति परायण नै हुन्छ, दुर्गति परायण होईन। त्यसैले साधकहरू ! आऊ ! बुद्ध, धर्म र संघको सही अर्थलाई बुझेर श्रद्धा जगाऔं, शील समाधि र प्रज्ञाको अभ्यास गरी आफ्नो कल्याण साधौं।

**कल्याण मित्र**
**स.ना.गो**

*साभार- 'विपश्यना' २०८० आश्विन*



भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## १३. उम्काइ

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

गणेशकुमारीलाई नेपालमा फिर्ता लैजाने विचारले घरबाट निस्केको पाँचौ दिन कलकत्ता पुगेका धनकाजी र भक्तकृष्ण कलकत्ताको एउटा होटेलमा गएर बसे । बर्मी भिक्षुसित कलकत्ता आएकी गणेशकुमारी कलकत्तास्थित बर्मी विहारमा नै बसेकी होली भन्ने उनीहरूको विश्वास थियो । त्यसैले अर्को दिन उनीहरू बर्मी विहारको खोजमा भौतारिन लागे ।

कलकत्ता जस्तो महानगरमा, पूरा नाम र ठेगाना थाहा नभएको बर्मी विहारलाई बर्मीहरूले बनाएको विहार भन्ने नाताको आधारमा मात्र खोजी निकाल्नु सरल काम थिएन । घण्टौं लगाएर अनेक ठाउँमा पुछताछ गर्दा पनि त्यस विहारबारे उनीहरूले केही पनि थाहा पाउन सकेनन् । झण्डै दिनभरको मेहनतपछि साँझतिर मात्र उनीहरूले एक जना त्यस्तो मान्छे भेटाउन सके जसले उनीहरूलाई महाबोधि सोसाइटीको नाम र ठेगाना बताएर उनीहरूले खोजेको बर्मी बौद्ध-विहार सम्बन्धमा सही जानकारी त्यस बौद्ध संस्थाबाट थाहा हुन सक्ने सम्भावनाबारे सल्लाह दिन सक्यो । उसको त्यो सल्लाह पाएपछि उनीहरू सिधै महाबोधि सोसाइटीको ठेगानातिर दगुरे । महाबोधि सोसाइटीको कार्यालयमा पुगेपछि मात्र उनीहरूलाई थाहा भयो उनीहरूले खोज्न चाहेको वास्तवमा बर्मी धर्मशाला रहेछ । त्यस संस्थाका सम्बन्धीत व्यक्तिबाट बर्मी धर्मशालाको पूरा ठेगाना लिइसकेपछि उनीहरूले सर्वप्रथम महाबोधि सोसाइटीले नै खोलिराखेको धर्मशालामा नै बर्मी भिक्षु धम्मावुध र गणेशकुमारीको खोज गर्न थाले । उनीहरूले महाबोधि सोसाइटीको प्रत्येक कोठा चहारेर हेर्न थाले ।

महाबोधि सोसाइटीको धर्मशालामा थुप्रै यात्रुहरू बसेका थिए । त्यहाँ एक दुई जना भिक्षुहरू पनि बसेका थिए । तर उनीहरूले खोजेका बर्मी भिक्षु धम्मावुध र गणेशकुमारी भने त्यहाँ कतै देखिएनन् । न उनीहरू कतै बाहिर गइरहेका पो हुन् कि भन्ने विचारले उनीहरू फेरि फर्केर आएको फेलापार्ने मनशायले धनकाजी र भक्तकृष्ण रात नपरूञ्जेलसम्म त्यतैतिर कतै अलमलेर बसे । राती अवेरसम्ममा पनि केही सुराक नपाएपछि मात्र उनीहरू त्यहाँबाट फर्केर आफूहरू बसेको होटेलमा गए ।

अर्को दिन बिहान सबेरै धनकाजी र भक्तकृष्ण बर्मी धर्मशाला गए । त्यो बर्मी धर्मशाला पनि महाबोधि सोसाइटीको धर्मशाला झैं विभिन्न प्रकारका यात्रुहरूले भरिभराउ थियो । त्यहाँ बसेकाहरूमा बर्मी अनुहारका मानिसहरू धेरैं थिए । तर त्यहाँ पनि उनीहरूले स्थविर धम्मावुध र गणेशकुमारीलाई फेला पार्न सकेनन् । त्यसैले उनीहरूले त्यहाँ बसिरहेका अन्य यात्रुहरूसित स्थविर धम्मावुध र गणेशकुमारीका सम्बन्धमा पुछताछ गरि हेर्ने जमर्को गरे । उनीहरूको पुछताछबाट उनीहरू कुनै एक जना स्थविर भिक्षुको खोजमा आएका हुन् भन्ने कुरो थाहा गरेर त्यस विहारमा बसिरहेको एकजना भलादमी यात्रुले उनीहरूलाई उक्त सम्बन्धमा त्यस विहारका नायक भिक्षुसंगै प्रत्यक्ष कुरा गर्न जाने सल्लाह दिए । त्यस यात्रुको सल्लाह अनुसार उनीहरू त्यस विहारका नायक भिक्षु कहाँ गए । उहाँसँग गर्नुपर्ने भलाकुसारिपछि उनीहरूले आफूहरू स्थविर धम्मावुधलाई भेट्ने आशयले कलकत्ता आएको कुरो भनेर उक्त सम्बन्धमा उहाँको सहयोग मागे । उनीहरूका सबै कुरा सुनेपछि त्यस विहारका नायक भिक्षुले, स्थविर धम्मावुधलाई आफूले राम्ररी चिनेको तर उहाँ कलकत्ता आए नआएको र उहाँ कलकत्ता आउनु भएको भए कहाँ बस्नु भएको छ भन्ने विषय उहाँलाई केही थाहा नभएको कुरो उहाँले स्पष्ट पार्नुभयो । त्यसो भएता पनि अर्को दिन विहानसम्ममा स्थविर धम्मावुध कलकत्तामा आएर कहाँ बस्नुभएको थियो भन्ने सम्बन्धमा

सबै कुरो थाहा गरेर उनीहरूलाई सहयोग गर्ने उहाँले आश्वासन दिनुभयो। तब धनकाजी र भक्तकृष्ण मनमनै खुसी भएर भोलिपल्ट फेरि भेट्न आउने गरी उहाँसँग बिदावारी भएर आफूहरू बसेको होटेलमा फर्के।

अर्को दिन बर्मी विहारका नायक भिक्षुमार्फत स्थविर धम्मावुध र शीलवती धम्मवती बंगाली विहारमा बसेका थिए र उनीहरू सम्बन्धी सबै कुरा पनि बंगाली विहाराधिपतिबाटै थाहा हुनेछ भन्ने जानकारी पायो। त्यसैले बर्मी विहारका नायक भिक्षुबाट बंगाली विहारको पूरा नाम र ठेगाना थाहा गरेर धनकाजी र भक्तकृष्ण सिधै बंगाली विहाराधिपति कहाँ गए।

नेपालदेखि दुःख गरी आएका धनकाजी र भक्तकृष्णासित भलाकुसारीको औपचारिक वार्तापछि बंगाली भिक्षुले उनीहरूलाई यसरी भन्नुभयो– "तिमीहरू यहाँ आइपुगेको चार दिनले पछि पऱ्यो। त्यसैले तिमीहरूले स्थविर धम्मावुध र शीलवती धम्मवतीलाई भेट्न पाएनौ। शीलवती धम्मवतीलाई बर्मा पठाउन आवश्यक पासपोर्ट बनाउने सम्बन्धमा आवश्यक कारवाही गर्न स्थविर धम्मावुध र शीलवती धम्मवती यहाँ पाँचदिनसम्म बसेका थिए। तर पासपोर्ट पाउनमा कम्तीमा पनि एक-देढ महिना लाग्ने कुरो थाहा हुन आएकाले त्यतिका दिनसम्म यहाँ पर्खिरहनुको सट्टामा पैदल हिडेर बर्माजानु नै बेस हुने हो कि भन्ने कुरा बुझ्न अहिले उहाँ र धम्मवती दुबै जना आसाम गएका छन्। आसाम जानुभएको चार दिन भइसकेको छ। पैदल हिंडेर बर्मा जाने सम्भव देखिएको भएमा उहाँहरू अहिले आसामबाट हिंडिपनि सकेका होलान्। पैदल हिड्न सम्भव नभएमा उहाँहरू केहीदिनपछि फेरि यहिं फर्कने छन्। धम्मवतीका जगेडा सामानहरू यहि छाडिएका छन्। त्यसैले तिमीहरू पनि होटेल छोडेर यही बस्न आउनु। त्यतिञ्जेलसम्ममा पत्राचार गरेर उहाँहरूको यथास्थिति बारेमा सही जानकारी लिएर म तिमीहरूलाई थाहा दिनेछु।"

बंगाली भिक्षुको कुरा सुनेर धनकाजी हतारियो। ऊ अनावश्यक पर्खाइमा समय खेर फाल्ने पक्षमा रहेन। ऊ तुरन्तै आसाममा गएर गणेशकुमारीलाई फिर्ता बोलाइल्याउन आतुर भयो। त्यसैले बंगाली भिक्षुबाट आसामको विहारको ठेगाना खुस्काउन उसले यसरी निवेदन गऱ्यो– "भन्ते ! आसामबाट नागालायण्ड भएर बर्मा जानु साऱ्है नै कठिन भन्ने कुरो मैले सुनेको छु। मेरी बहिनी त्यो बाटोमा हिंड्न समर्थ हुने छैन। उसको कारण स्थविर धम्मावुधले समेत बाटोमा धेरै दुःख पाउनु पर्ने हुनेछ। त्यसैले हामीले यहाँ एक दिन पनि समय खेर नफालिकन आसाममा गएर उहाँलाई फिर्ता बोलाउन जानुपर्छ। उहाँलाई फिर्ता बोलाएर ल्याइसकेपछि गणेशकुमारीलाई बर्मा जाने पासपोर्ट लिइदिने सम्बन्धमा, दाजु भएको नाताले मैले आवश्यक सबै व्यवस्था चाँडै नै गर्न सकुँला भन्ने मलाई विश्वास छ। त्यस सम्बन्धमा पनि मैले उहाँसँग कुरा गर्नुछ। त्यसैले तपाईंले हामीलाई आसामको विहारको नाम ठेगाना दिइदिने कृपा गर्नुपऱ्यो।"

मीठो कुरा गर्नमा सिपालु धनकाजीले गणेशकुमारी लाई घर फर्काउने कुरो लुकाएर उल्टो उसको पासपोर्ट लिने काममा सघाउने कुरा गरेतापनि धम्मवती मार्फत बंगाली स्थविरले धनकाजी धम्मवतीलाई बर्मा जानमा सघाउन होइन बरू उसलाई घर फर्काएर लैजान मात्र आउने हुन भन्ने कुरो राम्ररी थाहापाइसकेका हुनाले धनकाजीको मीठो कुरामा बंगाली भिक्षु फँस्नु भएन। धनकाजीको मीठो कुरो काट्न उहाँले पनि मिठै कुरा बोल्नलाग्नुभयो– "बहिनीलाई बर्मा पठाउन पासपोर्ट लिइदिने काममा सघाउने विचार धेरै नै सराहनिय छ। राम्रो काममा लाग्ने जो कसैलाई प्रोत्साहन दिनु र सहयोग गर्नु सबैको कर्तव्य हो। तर जहाँसम्म आसाममा जाने कुरो छ, त्यसमा हतारिएर केही पनि फाइदा हुने म देख्दिन। किनभने, उनीहरूले हिंडेर जाने नै निधो गरेको भएमा उनीहरू अहिलेसम्ममा हिंडिनै सकेका हुनेछन्। त्यस अवस्थामा आसामसम्म दुःख गरेर गएको जम्मै व्यर्थ हुनेछ। यदि उनीहरूले पैदल नजाने निधो गरेको भएमा, आज भोलिसम्ममा उनीहरू आफै नै यहाँ फर्केर आउने छन्। त्यस अवस्थामा पनि आसाम जानु बेकार हुनेछ। त्यसैले मेरो विचारमा हतारिएर आसाम जानु भन्दा यहाँ बसेर पासपोर्ट लिने काममा सघाउनमा लाग्नु नै उत्तम हुनेछ। मैले पनि उनीहरूलाई पासपोर्ट लिने काममा आवश्यक ताकेता गरिरहने आश्वासन दिएर पठाएको थिएँ। अब हामी सबै पासपोर्ट लिने काममा लाग्यौं भन्ने अवश्य पनि त्यो काम सफल हुनेछ।"

स्थविरको कुरोमा आफू फँस्न लागेको देखेपछि धनकाजीले कुरो घुमाउने प्रयत्न गर्‍यो– "भन्ते ! उनीहरू पैदल नगइकन फेरि यहिं फर्केमा न पासपोर्टको प्रयोग हुनेछ। जहाँसम्म मलाई लागेको छ अहिले तत्काल पासपोर्टको कुरोलाई त्यसै पन्छाएर तुरन्त आसामतिर लाग्नु जरूरी छ। नत्र हामी यहाँ पासपोर्ट लिनमा अलमलिरहँदा रहँदै उनीहरू उता पैदल हिँडिसकेका हुनेछन्। हामी आजै आसामतिर गएर उनीहरूलाई यहाँ फिर्ता बोलाइल्याउने काममा लागि हाल्नुपर्छ। उनीहरूलाई यहाँ बोलाएर ल्याइसकेपछि मात्र पासपोर्ट बनाउनमा लाग्नु बुद्धिमतापूर्ण हुनेछ। त्यसैले कृपया आसामको विहारको ठेगाना हामीलाई दिइहाल्नुस्।"

धनकाजीलाई आसाम जानबाट रोक्ने अन्तिम उपाय प्रयोगमा ल्याउदै बंगाली स्थविरले भन्नुभयो– "कुरो मनासिव छ। सबैभन्दा पहिले उनीहरूलाई कलकत्तामा फिर्ता बोलाउनु नै उचित होला। तर उनीहरूलाई फिर्ता बोलाउन आसामसम्म दौडधुप गर्नु जरूरत छैन, एउटा टेलिग्राम पठाए पुग्छ। म अहिले नै एउटा टेलिग्राम पठाइ दिनेछु।" – यति भनेर बंगाली स्थविरले निम्न व्यहोराको एउटा टेलिग्राम तयार गरी उक्त टेलिग्राम पठाउने बारे धनकाजीको सहमति माग्नु भयो।

"धम्मवतीको दाजु धनकाजी कलकत्ता पुगेको छ। उसको सहयोगबाट पासपोर्टको काम सरल हुने देखिएकोले पैदल बर्मा जाने कठिनकाम त्यागेर तुरन्त कलकत्ता फर्कनु होला। तपाईलाई दिएको वचन अनुसार म पासपोर्टको काममा लागिरहेको छु।"

गणेशकुमारीलाई कलकत्तामा फिर्ता बोलाइएको भाषाको त्यस टेलिग्राम पठाउनमा धनकाजीले असहमति जनाउने कुरै भएन। टेलिग्राम पठाउनमा सकारेपछि पुनः आसामको विहारको ठेगाना माग्नु पनि भएन। त्यसरी वंगाली स्थविरको सल्लाह अनुसार केही दिन कलकत्तामा नै बसेर त्यस टेलिग्रामको जवाफको प्रतीक्षामा रहनमा बाठो धनकाजी बाध्य हुनु पर्‍यो।

*(क्रमशः अर्को अङ्कमा)*

## *आवरण चित्र परिचय*

रहनु भएको थियो। उक्त स्थानमा उहाँको अपरिमित मैत्रीको तरङ्ग फैलिरहन्थ्यो। सारा वातावरण अपूर्व शान्तिले भरिरहेको थियो। हात्तिलाई यस स्थानको शान्तपूर्ण वातावरणमा अपूर्व शान्ति महशूस भईरहेको थियो।

उक्त हात्तीलाई यस स्थान अति मन पर्‍यो। उसले भगवान् बुद्धलाई नित्य सेवा गर्न थाल्यो। आफ्नो सुँडमा फलफुल र पानी राखेर ल्याउँथ्यो र भगवान् बुद्धलाई चढाउने गर्थ्यो। यसरी उसले उक्त स्थानको एकान्त सुख र भगवान् बुद्ध समक्ष रहन पाएको सुखको पनि अनुभव गरिरहेको थियो।

केही दिन उक्त पारिलेय्यक वनमा रहनुभई, शान्तपूर्ण एकान्तवासको सुख भोग्नुभई भगवान् बुद्ध चारिका गर्नुहुँदै श्रावस्ति स्थित जेतवन विहारमा पुग्नुभयो। त्याहाँ पुग्नुभएपछि साधक संघको समूहले उहाँलाई घेर्न थाले। दर्शन गर्न थाले। यही सिलसिलामा कौशाम्विका गृहस्थ उपासकहरूले भगवान् बुद्ध कोही भिक्षुहरूको नराम्रो (झगडालु) बानी व्यवहार चित्त नबुझी पारिलेय्यक बनमा जानुभएको घटनाको जानकारी पाएको कारणले उनीहरू ज्याँदै दुःखी भए। त्यसैले उनीहरूको समूहले ती एक आपसमा झैझगडा गर्ने भिक्षुहरूको दुबै पक्षलाई भोजन दान गर्ने कार्यमा रोक लगाउन थाले।

यस्तो नराम्रो दण्ड भोग्न परेको कारणले कलह श्रृजना गर्ने दुबै पक्षका भिक्षुहरू माफीमाग्न जेतवन विहार पुगे। पारस्परिक मतभेद हुने बेला कसरी व्यवहार गर्नु पर्ने रहेछ भन्ने विषयमा भगवान् बुद्धले उनीहरूलाई एक प्रभावकारी उपदेश दिनुभई विनय नियम बताउनु भयो। फलस्वरुप जेतवन विहारको सघन मैत्रीमय वातावरणमा, चक्षुकरणीय, ज्ञानकरणीय विद्याकरणीय, विपश्यना द्वारा उनीहरूलाई अनित्यताको ज्ञानद्वारा प्रज्ञायुक्त विद्या प्राप्त गरी पारस्परिक मैत्रीभाव सवल गराउनु भई द्वेष द्रोह हटाउन सफल भए। कलह र झगडा विग्रह विवादबाट सदाको लागि मुक्त भए धन्य भए। ■

***"राजगृहको ऋषिगिलि पर्वतमा मौद्गल्यायनलाई डाँकाहरूले मारेका थिए।"***

***"भिक्षु हुनु अघि सारिपुत्र र मौद्गल्यायन संजय भन्ने परिब्राजक (=साधु) का चेला थिए। पछि उनीहरू बुद्ध-धर्ममा प्रवेश गरेपछि संजयले मुखबाट रगत छाडी प्राण त्यागेको थियो।"   साभार- बौद्ध दर्पण***

# न्हिच्छियंकं महापरित्राण पाठ



*सामूहिक पाठ यानाबिज्यास्य*
*श्रद्धेय धम्मवती गुरुमां प्रमुख मेपिं गुरुमापिं*

*२०८० माघ ८ गते ।*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*


उपासिका पद्मतारा स्थापित सपरिवारं वय्कःया दिवंगत पितृजनपिं (ससःअबु हिरा स्थापित - माजु चिनीशोभा स्थापित, न्हूं सडक), व (अबुजु आशारत्न तुलाधर-मां रत्नशोभा तुलाधर,न्हैकंतला), (जहान अशोक रत्न स्थापित, नयाँ सडक) या पुण्य स्मृतिस न्हिच्छियंकं महापरित्राण पाठ ज्याभ्वःया आयोजना याःगु खः थुकुन्हु प्रव्रजित गुरुमांपिसं महापरित्राण पाठ यानाबिज्याःगु खः । ज्याभ्वले श्रध्येय धम्मवती गुरुमामं महापरित्राण पाठया सामूहिक पाठ यानाबिज्यास्य धर्मदेशना यानाबिज्याःगु खः । वयां लिपा प्रव्रजित गुरुमांपिनि पाखें युगल पाठ याना बिज्यातसा धर्मचक्रप्रवर्तन सूत्रया विषय वीर्यवती गुरुमामं धर्मदेशना यानाबिज्यात । धर्मकीर्ति विहारया आवासिय गुरुमांपिं लगायत निमन्त्रित मेपिं गुरुमांपिं व आमन्त्रित थःथितिपिन्त आयोजक दातापरिवारपिन्सं जलपान व भोजन प्रायोजन यास्य पुण्य सञ्चय यानादीगु उगु ज्याभ्वले आयोजक परिवारं गुरुमांपिन्त दानप्रदान यास्य पुण्य सञ्चय यानादीगु खः । कार्यक्रमया अन्त्ये दिवंगत पितृजनपिनि पुण्य स्मृतिस वयकःपिनि सुगति व निर्वाण हेतुया कामना यासे पुण्यानुमोदन यानाः ज्याभ्वः समापन यानादीगु खः ।



*पुण्यानुमोदन यायेगु ज्याभ्वले दाता परिवार*

## महापरित्राण पाठया तालिका

| क्र. सं. | पाठ | पाठ यानाबिज्याःपिं गुरुमांपिं |
|---|---|---|
| १ | सरणागमन | पञ्ञावती, जवनवती |
| २ | खन्ध परित्त-धजग्ग परित्त | केशावती, सुनन्दावती |
| ३ | महाकस्सपत्थेर बोज्झङ्ग सुत्त-महाचुन्दत्थेर बोज्झङ्ग सुत्त | त्यागवती व इन्दावती |
| ४ | गिरिमानन्द सुत्त, इसिगिलि सुत्त | कुसुम, प्रीतिवती |
| ५ | धम्मचक्कप्पवत्तन सुत्त | वीर्यवती, वण्णवती |
| ६ | महासमय सुत्त | सुमना, श्रद्धाचारी |
| ७ | आलवक सुत्त-कसिभारद्वाज सुत्त | खमेशी व सुमना |
| ८ | पराभव सुत्त-वसल सुत्त | श्रद्धावती, खमेसी |
| ९ | सच्चविभङ्ग सुत्त | श्रद्धावती, अनुष्मा |
| १० | आटानाटिय सुत्त(क) | दानवती, मेत्तावती |
| ११ | आटानाटिय सुत्त (ख) | दानवती, मेत्तावती |



## लेखक एवं पाठक, ग्राहक वर्गमा हार्दिक अनुरोध

- ‘धर्मकीर्ति’ पत्रिका प्रत्येक पूर्णिमाको दिन प्रकाशन हुनेछ ।
- धर्मकीर्ति पत्रिकाको लागि नेपालभाषा, नेपाली तथा अंग्रेजी भाषामा बुद्ध शिक्षा, बौद्ध सँस्कृती एवं दर्शन र यस सम्बन्धी अनुसन्धानात्मक लेख, नैतिक शिक्षालेयुक्त सामाजिक लेख, रचनाहरू कथा एवं कविताहरू सम्प्रेषण गरी सहयोग गरिदिनु होला ।
- समाचारमूलक बौद्ध गतिविधिहरू एवं माथि उल्लेखित लेखहरू e-mail वा हुलाकबाट समयमा नै उपलब्ध गरी सहयोग गरिदिनुहोला ।
- पत्रिकामा प्रकाशित लेख, रचना आदिको सम्पूर्ण जिम्मेवार लेखक स्वयं हुनेछ ।
- तपाईंले आफ्नो पसल, उद्योग, ब्यापार एवं कार्यालय आदिको विज्ञापन दाता बनी आ-आफ्नो व्यवसायको प्रचार तथा बुद्ध शिक्षा प्रतिको श्रद्धा प्रस्तुत गरी धर्मकीर्ति पत्रिकालाई सहयोग गर्नसक्नु हुनेछ ।
- धर्मकीर्तिलाई तपाईंको सहयोगको आवश्यकता छ । तपाईंहरूको प्रत्येक सहयोग यस पत्रिकाको लागि ठूलो आधार हुनेछ ।
- त्यसैले तपाईं आफू ग्राहक बनी अरूलाई पनि ग्राहक बनाउनुहोस् ।
- हामी तपाईंको स्वस्थ प्रतिकृयाको स्वागत गर्छौं ।
- समयमा नै लेख, रचना आदि प्रकाशनको लागि र सल्लाह सुझाव प्रस्तुत गर्नको लागि gurumawiryawati@gmail.com / subhawati26@gmail.com मा e-mail गर्न सकिने छ ।

**धर्मकीर्ति विहार परिवार**

फोन नं. ५३५९४६६

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



### मदुम्ह सुर्जदेबी कसाः

धर्मकीर्ति ज्ञानमाला भजनया दुजः सुर्जदेबी कसाः दिवंगत जुयादिल । वयकःयात सुगति व निर्वाण हेतुया कामना यास्य पुण्यानुमोदन यानाच्वना ।

थुगु दुखद घडी वयकःया छयँजःपिसं बुद्धशिक्षायात थ्वीकाः धैर्य याय्फय्मा धकाः नं आशिका यानाच्वना ।


**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**

धर्मकीर्ति विहार, श्रीघः नघः यैं ।

### धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०८० मंसिर | बुद्धपूजा गर्नुहुने गुरूमांहरू | धर्मदेशना गर्नुहुने गुरूमांहरू |
|---|---|---|---|
| १ | माघ १ गते, संक्रान्ति, सोमवार | जवनवती | जवनवती |
| २ | माघ ४ गते, अष्टमी, विहिवार | सुवण्णवती | सुवण्णवती |
| ३ | माघ ११ गते, मिला पुन्हि, विहिवार | खेमावती | धम्मवती गुरुमां |
| ४ | माघ २० गते, अष्टमी, शनिवार | मेत्तावती | मेत्तावती |
| ५ | माघ २६ गते, औंशी, शुक्रवार | केशावती | केशावती |

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
वि.सं. २००२ भाद्र १९

*दिवंगत :*
वि.सं. २०८० माघ ५


# दिवंगत बिष्णु प्रसाद रञ्जित

धर्मकीर्ति विहार पूर्णहेरा भोजन पुचःया दुजःउपासिका
मिश्री रञ्जितया जहान (श्रीमान्) **विष्णु प्रसाद रञ्जित** ७८ दँया वैशय्
संसारया अनित्य स्वभाव न्ह्यब्वसे दिवंगत जुयादिल ।
थुगु दुःखया इलय् वयकःया जहान परिवारपिसं नं प्रकृतीया त्रिलक्षण स्वभावयात
थ्वीकाः धैर्य धारण याय्फय्मा धकाः कामना याना ।
मदुम्ह उपासक विष्णु प्रसादया परलोक जीवन सुगतिमय जुयाः निर्वाण हेतु
याकन हे चूलाय्मा धकाः मनंतुसे वयकःया पुण्य स्मृतिस पुण्यानुमोदन
यानाच्वना । भवतु सब्ब मंगलम ।

## धर्मकीर्ति पूर्णहेरा भोजन पुचः

**धर्मकीर्ति विहार**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



जन्म :
वि.सं. २००१
चैत्र ३० गते

दिवंगत :
वि.सं. २०८०
आश्विन २२ गते

# दिवंगत उपासक मोतिकाजी शाक्य

धर्मकीर्ति विहार संरक्षण कोषका विशेष सदस्य उपासक स्व. **मोतिकाजि शाक्यको**
६ महिनाको पुण्य तिथिको उपलक्ष्यमा
उहाँको परलोक जीवन सद्धर्ममय र सुगतिमय रही निर्वाण हेतु प्राप्त होस् भन्ने
कामना गर्दै पुण्यानुमोदन गर्दछौं ।
यस दुःखद घडीमा उहाँलाई मैत्रीपूर्वक श्रद्धाञ्जली अर्पण गरी परिवारजनलाई पनि
मैत्री दर्शाउनु हुने सम्पूर्ण नाता, कुटुम्ब एवं
साथीभाईहरूलाई पनि मैत्रीपूर्ण साधुवाद व्यक्त गदछौं ।
भवतु सब्ब मंगलम ।

## रत्ना शाक्य, निता शाक्य सहित सबै परिवार



# सुख वर्ग

*भावानुवाद :* **सत्यमोहन जोशी**

वैरी मध्ये अवैरिहे जुया म्वाना सुखं च्वने ।
वैरी मध्ये अवैरीहे जुया विहार यानाच्वने ॥१॥

ग्यापिं मध्ये मग्यापिंथे जुया म्वाना सुखं च्वने ।
ग्यापिं मध्ये मग्यापिंथे जुया विहार यानाच्वने ! ॥२॥

आसक्तेतु अनासक्त जुया म्वाना सुखं च्वने ।
आसक्तेतु अनासक्त जुया विहार यानाच्वने ॥३॥

सुख पूर्वक म्वानाच्वोने छुं दुगु मखुसां थन ।
प्रीति भोजन यानाच्वने आभास्वर सरी अन ॥४॥

त्याम्हयात दई बैरी, बूम्हयात तथा दुःख ।
त्या, बू तोता सु ज्वी शान्त द्यनी व सुख पूर्वक ॥५॥

दैमखु रागथें अग्नि, दैमखु द्वेषथें मल ।
दैमखु स्कन्धथें दुःख, दैमखु शान्तिथें सुख ॥६॥

प्वा-समस्या महारोग, संस्कारनं महादुःख ।
थुकी यथार्थ सोकेगु निर्बाणथें महासुख ॥७॥

निरोगहे महालाभ, सन्तोषहे महाधन ।
बिश्वास हे महाबन्धु निर्बाणहे महासुख ॥८॥

शान्ति रस एकान्ते च्वना त्वोंपिंतु निर्भय ।
धर्मया रस पानादि यापिं निष्पाप निश्चय ॥९॥

आर्यया दर्शनं भिं ज्वी, संगतिं झन् सदा सुख ।
मूर्ख-दर्शन याय् म्वासा हानं उखे महासुख ॥१०॥

मूर्खया संगतिं-शोक, शत्रुथेंहे सदा दुःख ।
धिरया संगतिं-धासा बन्धुथेंहे सदा सुख ॥११॥

अकें संगत या मानो चन्द्रं नक्षत्रया पथ ।
याय धीर, ब्रती, प्रज्ञ, बहुश्रुत, मुनी जन ॥१२॥



पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

बिश्व मोटर ट्रेडर्स
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# धर्मकीर्ति विहार संरक्षण कोषको बीसौं वार्षिक सांधारण सभामा प्रस्तुत गरिएका इकाईहरूको प्रगति प्रतिवेदनको बाँकी अंश

**(७) धर्मकीर्ति विहार संरक्षण कोष, वार्षिक प्रतिवेदन आ.ब. २०७९ श्रावण – २०८० असार ।**

*प्रस्तुती- प्रफुल्ल कमल ताम्रकार (सचिव)*

१) २०७९ श्रावण देखि २०८० असार मसान्त सम्म धर्मकीर्ति संरक्षण कोषको कार्यकारिणी समितिको वैठक जम्मा १७ पटक सम्पन्न भयो । आज २०८० साल पौष ९ गते शोमबार पनि वार्षिक साधारण सभा हुन गइरहेको छ ।

२) २०७९ श्रावण १४ गते धर्मकीर्ति विहारमा Teaching Hospital मनमोहन उपचार Branch "Dear Health Trust" का डा. स्मृति शाक्यको संयोजकत्वमा डाक्टरहरूको टोलिवाट करीव ५० जना गुरुमांहरू तथा स्वयम् सेवकहरूको मुटु परिक्षण कार्य सफलतापूर्वक सुसम्पन्न भयो ।

३) २०७९ श्रावण २५ गते धर्मकीर्ति विहार प्रमुख श्रद्धेय धम्मवती गुरुमांको ८९ औं शुभ जन्मोत्सबको शुभ उपलक्ष्यमा धर्मकीर्ति विहार धम्महलमा उपासिका दाता बसुन्धरा तुलाधरबाट प्रजापति गौतमीको (तामाको मूर्तिमा सुन लेपन गरिएको) पूर्ण कदको मूर्ति प्रतिस्थापन कार्य सुसम्पन्न भयो ।

४) २०७९ भाद्र ४ गते धर्मकीर्ति विहारको धम्महलमा अखिल नेपाल भिक्षु महासंघबाट संचालित नेपाल बौद्ध परियत्ति शिक्षा परिक्षा (२०७८ सालको) अन्तरगत धर्मकीर्ति विहार केन्द्रबाट परिक्षा दिई उत्तिर्ण हुने विद्यार्थीहरूलाई पुरस्कार वितरण समारोह सुसम्पन्न भयो ।

५) २०७९ आश्विन ९ गते धर्मकीर्ति विहार भित्र र बाहिर गरि जम्मा १८ वटा CCTV Camera (Closed-Circuit Telivision) ध.बि.सं. कोषको कार्यकारिणी सदस्य उद्योग रत्न तुलाधरको पहलमा जडान गरियो ।

६) २०७९ आश्विन १५ शनिबार श्रद्धेय धम्मवती गरुमांको ८९ औं शुभ जन्मोत्त्सबको उपलक्ष्यमा श्रद्धेय धम्मवती गुरुमांबाट बि.सं. २०५५ सालमा देशना भएको अभिधर्म विषयक प्रवचन डा. रीना तुलाधर (ध.बि.सं. कोषकी सहसचिव) बाट लेखन तथा सम्पादित पुस्तक नेपालभाषा र नेपाली भाषा गरी दुईवटा पुस्तकहरू –

(१) अभिधम्म (धम्मवती गुरुमांया धर्मदेशनाय् पुस्ताकारुढ)

(२) अभिधम्म (धम्मवती गुरुमांका धम्मदेशनामा आधारित)

यी दुईवटा पुस्तकहरू धम्मवती गुरुमांको बाहुलीबाट विमोचन कार्य सुसम्पन्न भयो । धर्मकीर्ति विहार संरक्षण कोषको आयोजनामा सञ्चालित उक्त कार्यक्रमको सभापतित्त्व श्रद्धेय धम्मवती गुरुमांले गर्नुभएको थियो भने स्वागत मन्तव्य सचिव प्रफुल्ल कमल ताम्राकारले प्रस्तुत गर्नुभएको थियो । अभिधम्म पुस्तकलाई बौद्ध विद्वान मदन रत्न मान्नधरले समीक्षा गर्नुभएको थियो । कार्यक्रममा श्रद्धेय भिक्षु धर्मगुप्त महास्थविर, भिक्षु निग्रोध महास्थविर, भिक्षु पञ्ञासार महास्थविर, विमलञाणी गुरुमां, बुद्धपाली गुरुमां, धम्मविजया गुरुमां, कुसुय गुरुमां सहित धर्मकीर्ति विहारका आवासिय गुरुमांहरूको पनि उपस्थिति थियो ।

कार्यक्रमको अन्त्यमा पुस्तकका लेखिका तथा सम्पादिका डा. रीना तुलाधरले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

(७) २०७९ आश्विन २१ गते शुक्रबारका दिन धर्मकीर्ति विहारको धम्महलमा वरिष्ठ विपश्यनाचार्य रत्नमञ्जरी गुरुमां दिवंगत हुनुभएको १६ औं पुण्यतिथीको उपलक्ष्यमा धम्मवती गुरुमां लगायत धर्मकीर्ती विहारका आवासिय गुरुमांहरूवाट सामूहिक महापरित्राण पाठ सम्मपन्न गरियो । यसदिन धर्मकीर्ति विहार पुलाँपुचः र रत्नमञ्जरी गुरुमां स्मृतिकोषबाट जलपान र भोजन प्रायोजन गरिएको थियो ।

(८) २०७९ कार्तिक ६ गते धर्मकीर्ति विहार विस्तारित भवनमा लिफ्ट जडान गर्ने कार्य सम्पन्न भयो । धर्मकीर्ति विहारका गुरुमांहरू लगायत कोषका केहि पदाधिकारीहरूको समुपास्थितीमा पञ्ञावती गुरुमांलाई उक्त लिफ्टको साँचो हस्तान्तरण गरियो । KONE ELEVATOR कम्पनीका व्यक्तीहरूबाट पञ्ञावती गुरुमां, केशावती गुरुमां, खेमावती गुरुमां, दानवती गुरुमां,

त्यागवती गुरुमां, मेत्तावती गुरुमां, इन्द्रावती गुरुमां, अमता गुरुमां, शुभवती गुरुमां, सुवण्णवती गुरुमां, र वण्णवती गुरुमां तथा कोषका केही पदाधिकारीहरूलाई Lift operating Training र Rescue Training को प्रशिक्षण पनि दिइयो ।

(९) २०७९ मंसिर २४ गते शनिबार, दिनको १:३० बजे धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांको अध्यक्षतामा ध.बि.सं. कोषको १९ औं वार्षिक साधारण सभा धर्मकीर्ति विहारको धम्महलमा सुसम्पन्न भयो ।

(१०) २०७९ माघ २१ गते धर्मकीर्ति विहारको धम्महलमा श्रद्धेय धम्मवती गुरुमांले बुद्ध शासन चिरस्थायी गर्ने कार्यमा पुऱ्याउनु भएको अमूल्य योगदानलाई कदर गरी "मातापितु स्मृति कोष" कीर्तिपूरका बछलादेवी दर्शनधारी सपरिवारबाट श्रद्धेय्य धम्मवती गुरुमांलाई सम्मान पत्र प्रदान गरी सम्मान गरियो ।

(११) २०७९ फागुन ११ गते पूर्व प्रधानमन्त्री के.पि शर्मा ओली निवास बालकोट भक्तपूरमा उहाँको जन्मोत्त्सबको शुभ उपलक्ष्यमा के.पि शर्मा ओली एवं राधिका शाक्य सपरिवारबाट आयोजित एक कार्यक्रममा धर्मकीर्ति विहार प्रमुख तथा ध.की.बि.सं. कोषका अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांलाई आमन्त्रित गरिएको थियो । श्रद्धेय गुरुमां उक्त कार्यक्रममा सहभागी हुनुभई अतिथीको आशन ग्रहण गर्नुभएको थियो ।

(१२) २०७९ फागुन २३ गते धर्मकीर्ति विहार धम्महलमा श्रद्धेय पञ्ञाश्री भन्तेबाट प्रतित्य समुत्पाद विषयमा धर्मदेशना गर्नुभएको थियो । धर्मकीर्ति विहार संरक्षण कोषको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा कोषका सदस्य मिना तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने अर्का सदस्य मदन रत्न मानन्धरबाट खादा ओडाई सम्मान गर्नुभएको थियो । सहसचिव रिना तुलाधरले श्रद्धेय पञ्ञाश्री भन्तेको परिचय प्रस्तुत गर्नुभयो भने अन्त्यमा विहार प्रमुख श्रद्धेय धम्मवती गुरुमांले पञ्ञाश्री भन्तेलाई धम्मपूजा गर्नुभएको थियो । यसको साथै उहाँले प्रतित्य समुत्पाद विषयमा आफ्नो मन्तव्य पनि व्यक्त गर्नुभएको थियो ।

(१३) २०७९ चैत्र १ गते श्रद्धेय धम्मवती गुरुमाको नेतृत्त्वमा धर्मकीर्ति विहार धम्महलमा श्रद्धये भिक्षु अश्वघोष महास्थविर एवं श्रद्धय्य दो गुणवती गुरुमांको गुणानुस्मरण गरी उहाँहरूको पुण्यस्मृतिमा भिक्षुसंघ लगायत प्रव्रजित गुरुमांसंघबाट सामुहिक परित्राण पाठ सुसम्पन्न गरियो ।

(१४) २०७९ चत्रै २ गते बिहिबार धर्मकीर्ति विहारको धम्महलमा शासनधज धम्माचरिय अग्ग महागन्थवाचक पण्डित, भाषा थुवाः श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांबाट बुद्ध शिक्षाको लागि पुऱ्याउनु भएको योगदानलाई कदर गरी गुरुमां ९० वर्षमा पदार्पण गर्नुभएको र उहाँको प्रव्रजित जीवन ७५ वर्षको शुभ उपलक्ष्यमा उहाँको सुस्वाथ्य र दिर्घायुको कामना गरी ५५ जना प्रव्रजित गुरुमांहरूबाट दिनभर अभिधर्म पाठ गर्नुभएको थियो सो कार्यक्रममा धम्मवती गुरुमां, अग्गञाणी गुरुमां र वीर्यवती गुरुमांबाट अभिधर्म विषयमा धर्मदेशना भएको थियो ।

(१५) २०८० बैशाख १ गते शुक्रबार, शासनधज धम्माचरिय अग्गमहा गन्थवाचक पण्डित, भाषाथुवाः श्रद्धेय धम्मवती गुरुमांलाई भृकुटी मण्डप स्थित राष्ट्रिय सभा गृहमा आयोजित एक भव्य धम्मपूजा कार्यक्रममा माननिय उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठबाट सामूहिक विषेश धम्मपूजा अर्पण गरी सम्मान गरियो ।

धम्मवती गुरुमां विषेश सामूहिक धम्मपूजा आयोजक समिति (धर्मकीर्ति विहार) को आयोजनामा श्रद्धेय धम्मवती गुरुमां ९० वर्ष पुग्नुभएको प्रव्रज्या जीवन ७५ वर्ष पुगेको र उहाँले आफ्नो जीवनमा बुद्ध शिक्षा प्रचार प्रसार कार्यमा अमूल्य योगदान पुऱ्याउनुभएको आदि विशेषतालाई मध्यनजर राखी यसलाई सम्मान गरी विषेश सामुहिक धम्मपूजा कार्यक्रम सम्पन्न गरिएको थियो ।

अमृत रत्न ताम्राकारले सञ्चालन गर्नुभएको यस कार्यकाममा श्रद्धेय शोभित भन्तेबाट पञ्चशील प्रार्थना गराउनुभएको थियो भने धम्मपूजा आयोजक समितिका संयोजक खेमावती गुरुमांबाट स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

यस कार्यक्रममा "नेपाल थेरवाद बुद्ध धर्मप्रचार प्रसारमा धर्मकीर्ति विहारको योगदान" विषयमा धर्मकीर्ति विहारका आवासिय अमता गुरुमांबाट लिखित पुस्तक (परिमार्जित दोश्रो संस्धरणको रुपमा प्रकाशित)

कार्यपक्रमका प्रमुख अतिथी माननिय उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र स्यानमारका महामहिम राजदूतबाट विमोचन गरियो । यही कार्यक्रममा "धम्मवती धम्म प्रशिक्षण परियोजना" संचालन गर्ने विषयमा घोषणा गरियो ।

८१ वटा संघसंस्थाहरूबाट गरिएको उक्त धम्मपूजा कार्यक्रममा थेरबाद भिक्षुसंघ, महायानी गुरुहरू, थाई गुरुमांहरू र वज्रयानी गुरुजुहरूबाट शुभकामना, मंगलपाठ गर्नुभएको थियो । धम्मपूजा आयोजक समितिका सचिव तथा ध.बि.सं. कोषका कार्यकरिणी सदस्य मदन रत्न मानन्धरबाट धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

(१६) २०८० बैशाख १५ अष्टमीका दिन धर्मकीर्ति विहार ५८ वर्ष पूरा गरी ५९ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा धर्मकीर्ति विहार धम्महलमा नियमित कार्यकम अनुसार बुद्धपूजा धर्मदेशना एवं पुण्यानुमोदन गरियो । कार्यक्रमको अन्त्यमा उपस्थित उपासक उपासिकाहरूलाई विस्कुट प्रदान गरियो ।

(१७) २०८० बैशाख २२ गते । २५६७ औं बुद्ध जयन्तिको उपलक्ष्यमा शासन धज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित श्रद्धेय धम्मवती गुरुमांलाई लुम्विनी विकास कोषको तर्फबाट विशेष सम्मान पत्र प्रदान गरियो । धम्मवती गुरुमांले तथागत सम्यक सम्बुद्धले देखाउनु भएको मार्ग, उपदेश तथा शिक्षालाई, विभिन्न माध्यमबाट विश्वव्यापी रुपमा प्रबर्द्धन गर्नुभएको बुद्धशासनिक योगदानलाई कदर गर्दै यस सम्मान पत्र प्रदान गरिएको खुल्न आएको छ ।

(१८) २०८० जेठ ३ गते । अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालका सचिव, देवदह यशोधरा विहार निर्माण समितिका अध्यक्ष धर्मकीर्ति विहारको शाखा सुलक्षाकीर्ति विहारका संस्थापक अध्यक्ष महासद्धम्म जोतिक धज डा. अनोजा गुरुमां ६९ वर्षको उमेरमा मेडिसिटि अस्पतालमा क्यान्सर रोगको उपचारको कममा दिवंगत हुनुभयो । २०८० जेठ ५ गते उहाँको शवयात्रा र अन्त्यष्ठी कायेक्रममा धर्मकीर्ति विहार र कोषका पदाधिकारीहरू सहभागी हुनुभएका थिए ।

(१९) २०८० असार १३ गते देखि २० गते सम्म । धर्मकीर्ति विहार प्रमुख ध.बि.सं. कोषका अध्यक्ष शासनधज, धम्माचरिय अग्ग महागन्थवाचक पण्डित श्रद्धेय धम्मवती गुरुमांको ९० औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा भिक्षु संघबाट सप्राहव्यापी अभिधर्म पाठ धर्मदेशना एवं आठौं दिनमा महायानी गुरुहरू र वज्रयानी गुरुजुहरूबाट मंगलपाठ र धर्मदेशना भएको थियो ।

(२०) २०८० असार १६ शनिबार अभिधर्म पाठको चौथौं दिन विहान पुरस्कार वितरण कार्यकम सम्पन्न । श्रद्धेय धम्मवती गुरुमांबाट हरेक महिनाको पूर्णिमाको दिन बुद्धपूजा कार्यक्रममा २८ जना तथागतहरूको जीवनी (बुद्ध वंशमा आधारित) विषयमा धर्मदेशना हुँदै आएकामा २०८० वैशाख पूर्णिमाका दिन पूरा भएको थियो । सो बुद्ध वंश सम्वन्धि विषयमा २०८० जेठ २७ गते धर्मकीर्ति विहारमा परिक्षा लिइयो । सो परिक्षामा उत्तिर्ण हुने परिक्षार्थीहरूलाई यस दिन पुरस्कार वितरण गरिएको थियो ।

(२१) २०८० असार १८ गुरुपुन्ही । यसदिन श्रद्धेय धम्मवती गुरुमांको ९०औं जन्मदिनको शुभ उपलक्ष्यमा धर्मकीर्ति विहार संरक्षण कोषका पदाधिकारीहरूबाट क्षेत्रपाटी स्थित क्षेत्रपाटी निःशुल्क चिकित्सालयमा रहेको विरामीहरूलाई उहाँहरूको सुस्वास्थ एवं निरोगी कामना गरी खाद्य तथा अन्य बस्तु वितरण गर्ने कार्य सम्पन्न ।

(२२) २०८० असार २५ सोमबार । धर्मकीर्ति विहार धम्महलमा ध.बि.सं. कोषको ओयोजनामा "महासद्धम्म जोतिक धज", श्रद्धेय डा. अनोजा गरुमांको पुण्यस्मृतिमा उहाँको सुगति एवम निर्वाण कामना गरी श्रद्धाञ्जली सभा सम्पन्न गरियो । उक्त सभामा चोभार स्थित सुलक्षणकीर्ति विहार निवासी अम्विका गुरुमांले अनोजा गुरुमांको जीवनी प्रस्तुत गर्नुभएको थियो भने धर्मकीर्ति विहारका आवासिय गुरुमांहरू, अनोजा गुरुमांका परिवारजन लगायत भू.पू मन्त्री एवम सभासद कृष्ण गोपाल श्रेष्ठ, ध.बि.सं. कोषका पदाधिकारीहरू एवं उपासक उपासिकाहरूले अनोजा गुरुमांको तस्विरमा खाडा एवं फूल चढाई श्रद्धाञ्जली अर्पण गरियो ।

(२३) आर्थिक वर्ष २०७९/०८० को धर्मकीर्ति विहारको व्यवस्थापन सम्वन्धि नियम अनुसार नियमित पूरा गर्नुपर्ने कार्यहरू- लेखा परिक्षण, दर्ता नविकरण, कर इत्यादी सम्पूर्ण कार्यहरू पूरा भएको जानकारी दिन चाहन्छु ।

(२४) धर्मकीर्ति विहारको पानी, विजुली वत्तीको

लागी आवश्यक खर्च गर्नुहुने दाताहरू- श्रीमती बसुन्धरा तुलाधार, ध.बि.सं. संरक्षण कोष, अगम्यरत्न कंसाकार, वरदेश मानन्धर आदि सबैलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

### (८) **बुद्ध पूजा कमिटी**

(**वार्षिक प्रतिवेदन २०७९ श्रावण १-२०८० असार** ३१)

प्रस्तुती - इन्द्रकुमार नकर्मी, ढल्को

यस आर्थिक वर्षमा तल उल्लेखित तालिका अनुसार हरेक महिनाको ५ पटक बुद्धपूजा र धर्मदेशना कार्यक्रम संचालन भएका छन् –

| क्र. सं. | दिन | धर्मदेशना गर्नुहुने श्रद्धेय प्रव्रजित गुरुमांहरू | धर्मदेशना विषय |
|---|---|---|---|
| १ | पूर्णिमा | धम्मवती | बुद्धवंश (२८ जना तथागत-हरूको जीवनी) |
| २ | पूर्णिमा पछिको अष्टमी | दानवती, त्यागवती, मेत्तावती | जातक अट्ठकथा |
| ३ | औंशी | केशावती, खेमावती, अमता | धम्मपदट्ठ कथा |
| ४ | औंशी पछिको अष्टमी | वीर्यवती, शुभवती, वण्णवती, सुवण्णवती | एतदग्ग प्राप्त अग्र श्रावक श्रावि-काहरू |
| ५ | संक्रान्ति | पञ्ञावती, जवनवती, इन्दावती, क्षान्तिवती | मंगलसूत्र |

गुंला पर्व एक महिना (२०७९ श्रावण १३ - भाद्र १२ गते सम्म) बुद्ध पूजा र धर्मदेशना सम्पन्न । २०७९ आश्विन २१ गते शुक्रबार श्रद्धेय रत्नमञ्जी गुरुमां को १६ औं पुण्यतिथि स्मरण गरी प्रव्रजित गुरुमांहरूको तर्फबाट दिनभर महापरित्राण पाठ सम्पन्न । वि.सं. २०८० असार १३ देखि २० गते सम्म श्रद्धेय धम्मवती गुरुमांको ९० औं जन्मउत्सवको उपलक्ष्यमा साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना । श्रद्धेय भिक्षु महासंघ, महायानी गुरुहरू एवं वज्रयानी गुरुजुहरूको तर्फबाट पनि मंगलपाठ र धर्मदेशना । हरेक पूर्णिमाको एकदिन अगाडि श्रीघःचैत्य परिसरमा सफाई कार्यक्रम, हरेक वैशाख पूर्णिमाको दिन अस्पतालमा विरामीहरूलाई सुस्वास्थ्य एवं निरोगी कामना गरी विस्कुट र फलफुल वितरण ।

पुस्तक प्रकाशन–

यसपाली धर्मकीर्ति विहारबाट प्रकाशित पुस्तकहरू –

| क्र. सं. | पुस्तक | दाता | प्रकाशन साल |
|---|---|---|---|
| १ | अभिधम्म (धम्मवती गुरुमांया धर्मदेशनाया पुस्तकारुढ) | द्रव्यमान सिं तुलाधर परिवारजन | २०७९ आश्विन १५ |
| २ | अभिधम्म (धम्मवती गुरुमांको धम्मदेशनामा आधारित) | द्रव्यमान सिं तुलाधर परिवारजन | २०७९ आश्विन १५ |
| ३ | बौद्ध दर्पण पाँचौं संस्करण | गौतम नारायण महर्जन सपरिवार | २०७९ |
| ४ | मति राम्रो भए गति राम्रो हुन्छ | अशोकरत्न श्रेष्ठाचार्य, चन्द्रहेरा श्रेष्ठाचार्य | २०८० वैशाख |
| ५ | वेस्सन्तर जातक | श्रीमती मैया मानन्धर | २०८० असार |

### (९) **धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन**

**वार्षिक प्रतिवेदन** (**२०७९ श्रावण-२०८० असार मसान्त**)

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

श्रद्धेय धम्मवती गुरुमांको ७२ वर्षिय जन्मदिनको उपलक्ष्यमा मिति२०६३ साल असार २७ गते (ने.सं.

११२६) मा स्थापना गरिएको यस धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनले १७ वर्ष पार गरेको छ ।

बुद्ध शिक्षालाई संगीत र गीतको माध्यमबाट प्रचार प्रसार गर्ने कार्य धर्मकीर्ति ज्ञानमाला भजनले प्रस्तुत गर्दै आएको छ । यही क्रममा बि.सं. २०७९ श्रावण देखि २०८० असार मसान्त सम्म प्रस्तुत गरेको कार्यक्रमको गतिविधि यहाँ उल्लेख भएको छ ।

(१) मिति २०७९ आश्विन २७ गते –

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःका गुरु मान कृष्ण वावा दिवंगत हुनुभयो । उहाँको सुगति एवं निर्वाण कामना गरी पूज्य धम्मवती गुरुमांको नेतृत्त्वमा धर्मकीर्ति विहारका आवासिय गुरुमांहरूको तर्फबाट परित्राण पाठ गर्नुभएको थियो । भजन खलःबाट जलपान दान गरियो ।

| क्र. सं. | मिति | स्थान | उपलक्ष | दाता आयोजक | कार्यक्रम | आम्दानी रु. | खर्च रु. |
|---|---|---|---|---|---|---|---|
| २ | २०७९ श्रावण १३ गते | चःमति | नयाँ घर उद्घाटन | गणेश महर्जन पूर्णदेवी महर्जन | ज्ञानमाला भजन | ५,०००/- | १,५००/- |
| ३ | २०७९ भाद्र २४ गते | पहिक्व | बुबाको पूण्यतिथि | पद्मा शाक्य | धर्मकीर्ति विहारमा भजन परित्राण पाठ | २,०००/- | |
| ४ | २०७९ मंसिर १३ गते | गणमहाविहार | ४१ औं प्रव्रजित दिन | भिक्षु शोभित महास्थविर | ध.की.ज्ञा.भ. का उपाध्यक्ष श्याममान वज्राचार्यलाई सम्मान | | |
| ५ | २०७९ पौष २३,२४,२५ गते | वनेपा | राष्ट्रिय ज्ञानमाला दशौं सम्मेलन | राष्ट्रिय ज्ञानमाला | ज्ञानमाला भजन प्रस्तुत | | २४,८००/- |
| ६ | २०७९ माघ १५ गते | कुलेश्वर | श्रद्धा | कमला सिं | सहयोग प्राप्त | ३०००/- | |
| ७ | २०७९ चैत्र १३ | धर्मकीर्ति विहार | ७५औं प्रव्रजित दिन र ९०औं जन्मउत्सव | पूज्य धम्मवती गुरुमां | ज्ञानमाला भजन प्रस्तुत | | १०,०००/- |
| ८ | २०७९ चैत्र | धर्मकीर्ति विहार | श्रद्धा | गुरु पन्नाकाजी | भजन प्रस्तुत | | |
| ९ | २०८० वैशाख १ गते | राष्ट्रिय सभागृह | ७५औं प्रव्रजित दिन र ९०औं जन्मउत्सव | पूज्य धम्मवती गुरुमां | भजन प्रस्तुत | | २८००/- |
| १० | २०८० वैशाख १ गते | राष्ट्रिय सभागृह | ७५औं प्रव्रजित दिन र ९०औं जन्मउत्सव | पूज्य धम्मवती गुरुमां | स्वयंसेवक | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | २०८० वैशाख ११ गते | धर्मकीर्ति विहार | ७५औं प्रव्रजित दिन र ९०औं जन्मोत्सव | पूज्य धम्मवती गुरुमां | स्वयं सेवकहरूलाई सम्झनाको चिनो प्राप्त | | |
| १२ | २०८० वैशाख १४ गते | असन | राष्ट्रिय ज्ञानमाला सम्बन्धि | उर्मीला तुलाधर | मिटिङ्ग | | |
| १३ | २०८० वैशाख १८ गते | श्रीघः | २५६७औं स्वांया पुन्हि | श्रीघः ज्ञानमाला भजन खलः | ध.की. ज्ञानमाला भजन प्रस्तुत | | |
| १४ | २०८० जेठ ७ गते | धर्मकीर्ति विहार | आर्थिक व्यवस्था | ध.की. ज्ञानमाला भजन | | सहकारी बैंक १,२५,०००/– प्राप्त/बाँकी आर्थिक कारोबार १,३४,५८३/- प्राप्त नहुने | |
| १५ | २०८० असार १३ गते | धर्मकीर्ति विहार | ९० वर्षिय जन्मउत्सव | श्रद्धेय धम्मवती गुरुमां | ज्ञानमाला भजन | | |
| १६ | २०८० असार १८ गते | धर्मकीर्ति विहार | गुरुपूजा | ध.की.ज्ञा. भजन | श्रद्धेय धम्मवती गुरुमां र भजन गुरुहरू पन्नाकाजी र शीवलाई गुरुपूजा | | ९,०००/- |

## धर्मकीर्ति अध्ययन तथा भ्रमण कमिटी, वार्षिक प्रतिवेदन

*प्रस्तुती- केशावती गुरुमां*

२०७९ साल माघ ४ देखि २० गते सम्म श्रद्धेय धम्मवती गुरुमांको ८९ औं जन्मोत्सवको उपलक्ष्यमा बौद्ध चारधाम भ्रमण गरियो । यस सिलसिलामा भारतको संकाश्यमा पनि भ्रमण गरियो । स्मरणिय छ भगवान् बुद्धले आफ्नी आमा महामायादेवीलाई त्रावतिंस देवलोकमा ३ महिना सम्म अभिधर्म विषयमा धर्मदेशना गर्नु भई शंकाश्यमा ओर्लिनु भएको उल्लेख छ ।

यस कार्यक्रममा ३दिन सम्म बुद्धपूजा, ध्यान र धर्मदेशना गरिएको थियो भने ३दिन सम्म अभिधर्म पाली पाठ गरियो । कार्यक्रमको अन्त्यमा वर्माका नन्द भन्तेबाट प्रमाण पत्र वितरण गर्नुभएको थियो ।

## धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्र, वार्षिक प्रतिवेदन

*प्रस्तुती- केशावती गुरुमां*

वि.सं. २०८० असार ९

यसदिन वि.सं. २०७९ सालमा परियत्ति शिक्षा परिक्षा उत्तिर्ण विद्यार्थीहरू जम्मा १४० जनालाई पुरस्कार वितरण गरियो ।

यसवर्ष पनि धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रको लागि काठमाडौं महानगरपालिकाबाट रु. ५,००,०००/-(पाँचलाख रुपियाँ) अनुदानप्राप्त भएको

थियो ।

दिवंगत उपासक उपासिकाहरू अंगुरमान तुलाधर, सूर्यलक्ष्मी तुलाधर, प्रत्येकमान तुलाधर र जगत शोभा तुलाधर को पुण्य स्मृतिमा पनि पुरस्कार प्रदान गरिएको थियो ।

यसरी नै उपासक श्याममान वज्राचार्यबाट २० वटा बुद्धमूर्ति प्रदान गरिएको थियो ।

श्रद्धेय धम्मवती गुरुमांबाट कोविद परिक्षा उतिर्ण प्रत्येक विद्यार्थीहरूलाई रु. १०००/- प्रदान गर्नुभएको थियो ।

यसरी नै परियत्ति शिक्षाको लागि श्रद्धालु दाताहरूले यथाश्रद्धा चन्दा प्रदान गर्नुभई पुण्य संचय गर्नुभएका थिए ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक प्रगति प्रतिवेदन (२०७९ श्रावण-२०८० असार)

*प्रस्तुती- लोचनतारा तुलाधर (सचिव)*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित शनिवारिय धर्मकक्षा साप्ताहिक रुपले निरन्तर संचालन भइरहकै छ। साथै यस कक्षा फेशबुक मार्फत लाइभ प्रसारण भइरहेको छ ।

यस कक्षामा श्रद्धेय भिक्षु पञ्ञासार महास्थविर, श्रद्धेय भिक्षु पियरत्न महास्थविर, श्रद्धेय जवनवती गुरुमां, श्रद्धेय इन्दावती गुरुमां, देवकाजी शाक्य, सह-प्रा मदनरत्न मानन्धर, डा. त्रिरत्न मानन्धर, सह-प्रा उर्मीला ताम्राकार, इन्द्रकुमार नकर्मी आदिबाट प्रवचन दिनुभएका थिए ।

२०७९ फागुण १० गते बुधबार गोष्ठीका सक्रिय सदस्य इन्द्रकुमार नकर्मीको विबाहित जीवन २५ वर्ष भएको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गाष्ठीलाई रु २५,०००/- चन्दा प्रदान गरी पुण्य सञ्चय गर्नुभएको थियो ।

वि.सं. २०८० वैशाख ९गते शनिबार गोष्ठीको उनान्चास पटकको (४९ पटक),पचास पटकको (५०), एक्काउन्नौं पटकको(५१), संयुक्त वार्षिक भेला धर्मकीर्ति विहारको धम्महलमा सम्पन्न भयो । यस दिनमा वर्षेनि प्रदान गरिदैं आएको “धर्मकीर्ति अश्वघोष सम्मान” अरुणसिद्धि तुलाधर र “धर्मकीर्ति धम्मवती सम्मान” मीन शोभा शाक्यलाई प्रदान गरियो । यसरी नै बाहिरी संस्थाहरूबाट सम्मान पाइसकेका धर्मकीर्ति विहारका सदस्यहरूलाई पनि अध्ययन गोष्ठीले सम्मान गरिएको थियो । यसको विवरण यसरी उल्लेख गरिएका छन् –

धम्मविजय पदनमबाट सम्मानित - मोतिकाजी शाक्य, अजयरत्न स्थापित, प्रफुल्ल कमल ताम्राकार, रमाशोभा कंसाकार ।

पञ्चवीरसिंह सिरपा प्राप्त - उर्मीला ताम्राकार

रश्मिवीरसिंह सिरपा प्राप्त - लोचनतारा तुलाधर

यसपाली गोष्ठीको पुनरगठन भए अनुसार अमीर कुमारी शाक्य र श्यामलाल चित्रकारलाई सल्लाकार पदमा नियुक्ति गरिएको छ भने कार्यकारिणी सदस्यहरूमा नयाँ सदस्यहरू दुईजना केशब डंगोल र प्रविण महर्जन भित्रिनु भएका छन ।

धेरै पहिला देखि स्थगित हुदै आइरहेको गोष्ठीको युवा लक्षित कार्यक्रम Buddhism For Youth कक्षा २०८० जेठ २० शनिबार, २०८० असार २३ शनिबार, २०८० श्रावण १३ शनिबार कक्षा संचालन भएका थिए । २ घण्टा संचालन हुने यस कक्षा दिउँसो १ बजे देखि ३ बजे सम्मको लागि सञ्चालन भइरहेको छ ।

## धर्मकीर्ति मासिक पत्रिका वार्षिक प्रगति प्रतिवेदन

*प्रस्तुती- ध्रुब रत्न स्थापित (प्रमुख व्यवस्थापक)*

धर्मकीर्ति विहारको मुख पत्रको रुपमा प्रत्येक महिनाको पूर्णिमाको दिन प्रकाशन हुदैं आइरहेको धर्मकीर्ति पत्रिका वि.सं. २०८० आषाढ पूर्णिमा भित्र वर्ष ४१ अङ्क ३ सम्म प्रकाशन भइसकेका छन। यस अवधि सम्म विशेष सदस्य संख्या ९४९ छन। यी मध्य कतिपय विशेष सदस्यहरू परलोक हनुभएका पनि छन। धर्मकीर्ति पत्रिकाले प्राप्त भएका जानकारी अनुसार १/२ पेजको श्रद्धाञ्जली अर्पण गरिएको छ ।

आ.ब २०७८/७९ र २०७९/८० भित्र अर्थात् वर्ष ४० अङ्क १ देखि १२ सम्म र ४१ अंक देखि ३अंक सम्म जम्मा ६०८ जना वार्षिक सदस्य हुनुभई धर्मकीर्ति

पत्रिकालाई सहयोग गर्नु भएका छन् ।

गत वर्ष उपासक उपासिकाका आफन्त परिवारहरू दिवंगत हुनुभएका व्यक्तिहरूको समवेदना छपाई र विज्ञापन छपाई भइरहेका छन । यसरी नै चन्दा दाताहरूबाट पनि पत्रिकालाई सहयोग पुऱ्याई पुण्य सञ्चय गरिरहनु भएका छन् ।

धर्मकीर्ति बौद्ध मासिक पत्रिका प्रकाशनार्थ बौद्ध लेख,रचना,कविता,समाचर दिनुभई सहयोग गर्नुहुने लेखकहरू लगायत विज्ञापन दाताहरू वार्षिक सदस्यहरूभई वितरण गर्नु हुनेहरू लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा आवश्यक सहयोग गर्नुहुने महानुभावहरूलाई धर्मकीर्ति बौद्ध मासिक पत्रिका हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

## तेश्रो लुम्बिनी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ समारोह २०८०

*२०८० फागुण १९-२२*

अखिल नेपाल भिक्षु महांघको आयोजनामा यहि मिति २०८० फागुण २०,२१ र २२ गते पवित्र त्रिदिवसिय लुम्बिनी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ हुन गइरहेको छ । प्राप्त समाचार अनुसार उक्त कार्यक्रममा २०८० फागुण १९ गते लुम्बिनीमा नवनिर्मित थेरवाद विहारको संघावास उद्घाटन गरिनेछ । फागुण २० गते विहान लुम्बिनी पवित्र उद्यानमा कार्यक्रम समुद्घाटन सहित त्रिपिटक पाठ शुभारम्भ गरी साँझ ५ बजे सम्म कार्यक्रम सञ्चालन हुनेछ । फागुण २१ र २२ गते पनि बिहान ७:३० बजे देखि वेलुका ५ बजेसम्म लुम्बिनी पवित्र उद्यानमा त्रिपिटक पाठ कार्यक्रम सञ्नालन हुनेछ । फागुण २२ गते साँझ लुम्बिनी उद्यान परिसरमा दिप प्रज्वलन गरी कार्यक्रम समापन गरिनेछ ।

## बुद्ध जन्मभूमी लुम्बिनीमा वृहत श्रामणेर प्रव्रज्या समारोह

*२०८० फागुण १६ देखि चैत्र ८ सम्म ।*

*स्थान- लुम्बिनी ।*

बुद्ध जन्मभूमी लुम्बिनीमा अखिल नेपाल भिक्षु महासंघ र थाई धम्मदूत इन्दिया नेपालको संयुक्त आयोजनामा १२५० जना कुलपुत्रहरूलाई श्रामणेर प्रव्रज्या गरिने समाचार छ । प्राप्त समाचार अनुसार फागुण २६ गते लुम्बिनीमा श्रामणेर प्रव्रज्या गरी दिप प्रज्वलन गरिने कार्यक्रम रहेको छ । चैत्र ३र४ गते धर्मयात्रा गराई चैत्र ८ गते कार्यक्रम समापन गरिने जानकारी प्राप्त भएको छ ।

## पञ्चवीरसिंह सिरपाः लल्हात

*२०८० पौष ७ गते शनिबार ।*

थ्व दिनस युवा बौद्ध समुहया ग्वसालय् बुद्ध विहारया धम्महलय थुगुसिया "पञ्चवीरसिंह सिरपाः" लःल्हात । नीन्यादँ न्ह्यःनिसे बिया वया च्वंगु थ्व सिरपाः नेपालभाषा टाइम्सय् पिदंगु बुद्धधर्म सम्बन्धी च्वसुया च्वमिपिन्त बीगु यानावया च्वंगु खः । बुद्ध सम्बत् २५६६ दुने पिदंगु उत्कृष्ट निपु च्वसुयात ब्यूगु थ्व सिरपाः प्रेमलक्ष्मी तुलाधर व आनन्दमुनि बज्राचार्यापिन्त थ्व सिरपाः लःल्हाःगु खः ।

अथे हे तु बौद्ध परियत्ति व्वनाच्वंपि मचा च्वमि पिन्त बीगु "पञ्चबीर परियत्ति सिरपाः" सजगता मानन्धरयात लःल्हाःगु खः ।

ज्याभ्वलय् सिरपाः दाता पञ्चवीरसिंह तुलाधरं बुद्धधर्म विकासया नाप नापं नेपालभाषा पत्रकारिताया विकासया निति थ्व सिरपाः गुबलें नं दिके मखु धकाः प्रतिवद्धता याना दिल । ज्याभ्वलय् च्वसुया मुल्यांकन यानादीपिं निर्णायकपिं लोचनतारा तुलाधर, सहप्राः मदनरत्न मानन्धर, डा. गौतमबीर बज्राचार्यपिसं च्वसुयाबारे मुल्यांकन याना दिल ।

युवा बौद्ध समुहया नायः मदनबहादुर तुलाधरया सभापतित्वय् न्ह्याःगु उगु ज्याभ्वलय् बागमती प्रदेशया सांसद शैलेन्द्रमान बज्राचार्य विशेष पाहाँ खः सा प्रा. प्रेमशान्ती तुलाधर मू पाहाँ कथं भ्रायादीगु खः ।



# न्हिच्छियंकं अभिधर्म पाठ



*अभिधर्म विषये धर्मदेशना याना बिज्यास्य श्रद्धेय धम्मवती गुरुमां*

*२०८० फागुण ४ शुक्रबार*
*धर्मकीर्ति विहार, धम्महल ।*

उपासिका सुर्जमाया शाक्यया स्वकोगु भिं ज्या जंकु (देव रथारोहण) या लसताय् श्रद्धेय प्रव्रजित गुरुमांपिंनि पाखें वसपोलया भिं उसाँय् व ता आयुया कामना यासे न्हिच्छियंकं अभिधर्म पाठ यानाबिज्याःगु खः । उपासिका सुर्जमायाया काय्पिं, भौपिं व म्ह्याय्पिं सहित सकल परिवारपिंनि ग्वसालय् न्ह्याकूगु थुगु भिंज्यास भिक्षुणी धम्मवती गुरुमामं अभिधर्मया विषये धर्मदेशना यानाबिज्याःगु खः । थुगु ज्याभ्वःस आमन्त्रित गुरुमांपिं व थःथितिपिं सकसितं परिवारया दुजपिंसं जलपान भोजनया प्रायोजन यासे पुण्य सञ्चय यानाबिज्यात । अथेहे आमन्त्रित सकल प्रव्रजित गुरुमांपिन्त यथाश्रद्धा दान यानाबिज्यास्य् नं पुण्य सञ्चय यानाबिज्याःगु जुल । पाठ क्वचायकाः, उपासिका सुर्जमाया सहित परिवारया दुजःपिं सकसिनं सञ्चय यानाबिज्याःगु पुण्य सकल पितृजनपिनि सुगति व निवार्ण कामना यास्य पुण्यानुमोदन यानाःज्याभ्वः क्वचाय्कूःगु खः ।

थुगु ज्याभ्वले क्वय् प्रस्तुत यानातःगु तालिका अनुसार विभिन्न गुरुमापिसं अभिधर्मया न्हेगू कण्ड पाठ याना विज्याःगु खः ।

अभिधर्म पाठ तालिका

| क्र. सं. | पाठ | पाठ यानाबिज्याःपिं गुरुमांपिं |
|---|---|---|
| १ | धम्मसङ्गणी | धम्मवती, अनुपमा, पञ्ञावती, नन्दावती |
| २ | विभङ्ग | अनुपमा, निर्मलञाणी, इन्दावती |
| ३ | धातुकथा | केशावती, मेत्तावती, करुणावती |
| ४ | पुग्गलपञ्ञति | त्यागवती, सुनन्दावती, जयवती |
| ५ | कथावत्थु | कुसुम, प्रीतिवती, सुमना |
| ६ | यमक | वीर्यवती, शुभवती, अमता |
| ७ | पट्ठान | धम्मवती, पञ्ञावती, श्रद्धावती, ध्यानवती |



*अभिधर्म पाठ श्रवण यासे उपासक उपासिकापिं*

# उपासिका सुर्जमाया शाक्यया स्वकोगु भिं ज्या जंकु (देव रथारोहण) या लसताय् श्रद्धेय प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छियंकं अभिधर्म पाठ



धम्मसङ्गणी पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं-धम्मवती, अनुपमा, पञ्ञावती, नन्दावती



विभङ्ग पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं-अनुपमा, निर्मलञाणी, ईन्दावती



धातुकथा पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं-केशावती, मेत्तावती, करुणावती



पुग्गलपञ्ञति पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं त्यागवती, नन्दावती, जयवती



कथावत्थु पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं-कुसुम, प्रीतिवती, सुमना



यमक पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं-वीर्यवती, शुभवती, अमता



पट्ठान पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं-धम्मवती, पञ्ञावती, श्रद्धावती, ध्यानवती



थम्ह नं अभिधर्म पाठ यानाबिज्यास्य स्वक्वगु जंकुया लसताय् अभिधर्म पाठ याकाबिज्या:म्ह उपासिका सुर्जमाया शाक्य

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८०/०८१)

# साधुवाद !!!



**दिवंगत अबुजु अंगुरमान तुलाधर**

*बुदिं : बि.सं. १९८८ श्रावण १३ गते*

*मदुगु दिं : बि.सं. २०७४ पौष २९ गते*



**दिवंगत मां सुर्यलक्ष्मी तुलाधर**

*बुदिं : बि.सं. १९९० आश्विन १ गते*

*मदुगु दिं : बि.सं. २०७८ चैत्र १२ गते*

**धर्मकीर्ति पत्रिका वर्ष ४१, अङ्क ११ या रङ्गिन कभर पेज प्यंगू पाना**

दिवंगत उपासक **अंगुरमान तुलाधर** व दिवंगत उपासिका **सुर्यलक्ष्मी तुलाधर**

*( धर्मकीर्ति विहार बौद्ध परियत्ति केन्द्रया सिरपा: दातापिं )*

**पिनिगु पुण्य स्मृतिस वय्क:पिनि छ्यैंज:पिं –**

काय्: **प्रविणमान** – भौ: **सविना**

म्ह्याय्: **डा. सुमनकमल** – जिलाजं: **सिद्धार्थमान**

म्ह्याय्: **डा. रीता कमल** –

म्ह्याय्: **मधुवन्ती कमल** – जिलाजं: **ज्ञानेन्द्रजीव**

**आदि तुलाधर सपरिवार पाखें धर्मदान यानादीगु ख: । धर्मदान याना: सञ्चय यानादीगु पुण्य शक्तिं दाता परिवारया दिवंगत बा: अंगुरमान व मां सुर्यलक्ष्मी लगायत वय्क:पिनि सम्पूर्ण पितृजनपिन्त सुगति सहित निर्वाण हेतु प्राप्त ज्वीमा धका: पुण्यानुमोदन यानागु जुल ।**

**धर्मदान यानादीपिं दाता परिवारपिनि नं आयु आरोग्य व निरोगी कामना याना । वय्क:पिसं नं बुद्ध शिक्षा अभ्यास यासे थथ:गु जीवन सफल यानादी फय्मा धका: आशिका यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल । भवतु सब्ब मंगलम् ।**

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:, काठमाडौं

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com